

**लियानार्दो र ब्री... पृष्ठ ४**


लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

काठमाडौं । वर्ष १५, अंक २६१, काठमाडौं, मंगलबार १८ फागुन २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Tuesday 1 March 2016 । पृष्ठ : ८+४ मूल्य रु. ५/-



लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
Ext: 112, 108


### सांसद्ले खाने चमेना गृहमै गुणस्तरहीन खाना

प्रधानमन्त्री, मन्त्रीदेखि सांसद्हरूको खाना तथा खाजाका लागि सञ्चालन गरिएको चमेना गृह (क्यान्टिन) मै म्याद नाघेका गुणस्तरहीन खाना खुवाउने गरेको पाइएको छ । ३

### मेरो काम महाधिवेशनसम्म संस्थापन पक्षलाई सहयोग गर्ने हो



नेपाली कांग्रेसका प्रचार विभाग प्रमुख मीनेन्द्र रिजालले आफ्नो काम महाधिवेशनसम्म संस्थापन पक्षलाई सहयोग गर्ने बताएका छन् । ७

### भारत सरकारद्वारा किसानका लागि अर्बौं डलर घोषणा

भारत सरकारले किसानहरूको जीवनस्तर सुधार र ग्रामीण अर्थतन्त्रको उन्नतिका लागि अर्बौं डलर घोषणा गरेको छ । ग्रामीण विकासका लागि करिब १३ अर्ब डलर खर्च गर्ने प्रस्ताव गरिएको छ । ८

# खण्डहरमा एउटा उजाड जिन्दगी





**दिनेश थापा/राजधानी**
सिन्धुपाल्चोक, १७ फागुन

एउटा सुन्दर बस्ती भूकम्पले खण्डहर भएको छ । झुरुप्प घर रहेको यो बस्तीमा यतिबेला सग्लो एउटा पनि छैन । केही आधा ढलेका छन् त केही ढल्न बाँकी । बस्तीनजिकै कच्ची सडकको छेउमै विद्युत्को एउटा जीर्ण पोललाई आड बनाएर पाल टाँगिएको छ । त्यही पाल पनि घामपानीले खुइलिसकेको छ, ठाउँठाउँमा भ्वाङ परिसकेका छन् । पालमुनि एउटा लुगा सिलाउने पुरानो मेसिन छ, त्यही मेसिन सुम्सुम्याइरहेका छन् साँगाचोक रानाथोकका ६५ वर्षीय गन्ठे दमाई । आँखाभरि चिप्रा लागेको छ । बेलाबेलामा खस्ने आँसुले उनको त्यो चिप्रा अलि तलसम्म आउँछ । एउटा वृद्ध शरीर यसरी भूकम्पपछि त्यही पालमुनि कष्टसँग दैनिकी चलाइरहेका छन् ।

आँखामा आँसु टिलपिल टिलपिल छ । चिसोले फुंग उडेको अनुहार । 'मालिक भोकै मर्ने भएँ, मलाई दया गर्नोस्,' रानाथोकको यो खण्डहर बस्तीमा पुग्दा दुई हात जोडेर यसरी बिरक्तिए उनी । गाउँमा कोही नयाँ मान्छे आउँदा यसरी नै उनी वेदनाको पोको फुकाउँछन् । भूकम्पले बस्ती उजाड पारेपछि सक्नेले अलि व्यवस्थित बास बनाए तर गन्ठे दमै सहारविहीन थिए ।

उनले न टहरा बनाउन सके न त उनलाई कसैले मद्दत नै गरे । सोही कारण उनी अहिले पनि त्यही एउटा थोत्रो पालमुनि बसिरहेका छन् । भूकम्पपछिको चर्को घाम, वर्षा, ठन्डी अनि फेरि सुरु भएको गर्मीमा उनी त्यही पालमा छन् । भूकम्पपछि त्यही एउटा पाल र लुगा सिलाउने मेसिनबाहेक उनको सम्पत्ति अरू केही छैन ।

कुनै समय लुगा सिउनमा नाम कहलिएका थिए उनी । जीवनको यो उमेरसम्म आइपुग्दा उनले कति लुगा सिलाए ? अनि कतिका हर ढकाइदिए ? कुनै हिसाब छैन । तर, आज आङ ढाक्ने एकसरो कपडा छैन उनैसँग । माघको जाडोमा कठ्यांग्रिँदै पालमुनि चिसा रात कटाउन विवश भए उनी । विष्ट (लुगा सिलाउन लगाउने) हरूका फाटेका धेरै कपडा टालेका छन् उनले । तर, भूकम्पपछि उनको फाटेको मन कसैले टाल्न सकेन ।

भूकम्पको नौ महिना बितिसक्दा पनि फाटेको मन बुझाउन सकेका छैनन् उनले । भूकम्पमा घर भत्किएपछि अब उनको भन्नु केही रहेन, आफ्नो भन्नु कोही छैन रानाथोकमा । 'कसैले दिए खान्छु, नदिए भोकै,' आँखामा टिल्पिलाएको आँसु भुइँमा खसेपछि उनी भन्छन् । भूकम्पबाट जोगिएको एउटा कल (मेसिन) बाहेक उनको आफ्नो भन्ने कोही छैन । त्यही कलले उनले वर्षौंसम्म गुजारा चलाए । तर, बुढ्यौली लागेपछि अब त्यो कलले गुजारा चल्नै छाडेको छ उनको । 'यही कलले कमाएर पाल्यो, अब त आँखा देख्न पनि छाडे,' उनी बहकिन्छन्, 'बाँच्नै धौधौ भयो, बरु भुइँचालोले लगेको भए हुन्थ्यो ।' हुन त दुःख गरे खान पुग्ने जग्गाजमिन छ उनीसँग ।

(बाँकी पृष्ठ ३ मा)

# कांग्रेसमा समूहगत उम्मेदवारीकै कसरत

## महामन्त्री र कोषाध्यक्षसहित उम्मेदवारी घोषणा गर्दै सभापतिका आकांक्षी

**भुवन शर्मा/राजधानी**
काठमाडौं, १७ फागुन

नेपाली कांग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा, कार्यवाहक सभापति रामचन्द्र पौडेल र महामन्त्री कृष्णप्रसाद सिटौलाले महामन्त्री र कोषाध्यक्षसहित सभापतिमा उम्मेदवारी घोषणाका लागि गृहकार्य थालेका छन् । १३औं महाधिवेशनको उद्घाटन हुन दुई दिन मात्रै बाँकी रहँदा तिनै नेताहरू महामन्त्री र कोषाध्यक्षसहित सभापतिमा आफ्नो उम्मेदवारी घोषणा गर्ने अन्तिम गृहकार्यमा लागेका हुन् ।

वरिष्ठ नेता देउवाले बुधबार आफूसहित महामन्त्री र कोषाध्यक्षको उम्मेदवार घोषणा गर्ने भएका छन् । सभापतिका अर्का दाबेदार रामचन्द्र पौडेल पनि संस्थापनभित्रको झगडा मिलाएर बुधबारभित्रै उम्मेदवारी घोषणाको तयारीमा छन् । औपचारिक रूपमा उम्मेदवारी घोषणाका लागि पौडेलले सोमबार दिनभर संस्थापन पक्षधर नेतालाई एक ठाउँमा मिलाउन प्रयास गरेका थिए । तर, उनको प्रयास भने सफल हुन सकेन । महामन्त्री सिटौलाले पनि युवाहरूको टिम बनाएर उम्मेदवारी घोषणा गर्न लागेको स्रोतको भनाइ छ । देउवाले बुधबार पार्टी कार्यालय सानेपामा औपचारिक रूपमा प्यानलसहित उम्मेदवारी घोषणा गर्न लागेको उनीनिकट नेताको भनाइ छ । स्रोतका अनुसार देउवाले महामन्त्रीमा अर्जुननरसिंह केसी र कोषाध्यक्षमा चित्रलेखा यादव, पुष्पा भुसालमध्ये एकलाई उम्मेदवार बनाउने भएका छन् ।

पूर्वगृहमन्त्रीसमेत रहेका प्रभावशाली नेता खुमबहादुर खड्काले भुसाललाई कोषाध्यक्षमा राख्न दबाब दिइरहेका छन् । तर, देउवा भने यादव र भुसाल दुवैलाई नराखी मधेसबाट अन्यलाई कोषाध्यक्षको उम्मेदवार बनाउनेबारे छलफल चलाइरहेका छन् । 'शेरबहादुर दाइले बुधबारसम्म टिमसहित उम्मेदवारी घोषणा गर्दै हुनुहुन्छ, अहिले त्यसैको तयारी भइरहेको छ,' उनीनिकट नेता डा. प्रकाशशरण महतले राजधानीसँग भने ।

(बाँकी पृष्ठ ३ मा)







### महामन्त्री त्याग्न शशांक तयार



**काठमाडौं/रास–** कांग्रेस नेता डा. शशांक कोइरालाले आफ्नो प्रयास पार्टीलाई एकताबद्ध बनाउनु रहेको भन्दै सो कामका लागि महामन्त्री पद त्याग्न तयार रहेको बताएका छन् । कांग्रेसलाई एक गराउन महामन्त्रीको उम्मेदवारी छाड्न तयार रहेको उनको भनाइ छ ।

'मेरो पहिलो प्रयास कांग्रेसलाई एक गराउनु हो । दोस्रो प्रयास संस्थापन पक्षधर नेतालाई एक गराउनु हो । दुईओटै प्रयासमा म लागेको छु । त्यसका लागि म चर्चामा ल्याइएको महामन्त्री पद पनि त्याग गर्न तयार छु,' कोइरालाले राजधानीसँग भने । मंगलबार साँझसम्म संस्थापनबाट एकजना मात्रै साझा उम्मेदवार बन्ने सम्भावना रहेको पनि उनले प्रस्ट पारे । मंगलबार साँझसम्म संस्थापन पक्षबाट एक मात्रै साझा उम्मेदवार बनाउने प्रयास भइरहेको छ, त्यसको धेरै सम्भावना छ,' कोइरालाले भने ।

कांग्रेसलाई एक बनाउन आफूले वरिष्ठ नेता शेरबहादुर देउवा, रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौलालगायतका शीर्ष नेतासँग छलफल गरिरहेको भन्दै उनले यसका लागि जस्तोसुकै त्याग गर्न तयार रहेको बताए । 'कांग्रेस एक हुन्छ भने म अभिमन्यु बन्न पनि तयार रहेको छु, यो कुरा मैले पटकपटक भनिसकेको छु,' कोइरालाले भने ।

**प्लास्टिक झोला प्रयोगमा पुनः कडाइ**
– पृष्ठ ३

**राजधानी** झर्री-झर्री
-उत्तम नेपाल




दायाँ, बायाँ, तल, माथी, भित्र, बाहिर सबैतीर काँग्रेस छ ! के को सम्चार हुनु ?!

# पूर्वआईजीपी बस्नेतविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**राजधानी समाचारदाता**
काठमाडौं, १७ फागुन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सशस्त्र प्रहरीका पूर्वमहानिरीक्षक (आईजीपी) सनतकुमार बस्नेतविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । सशस्त्रका निलम्बित

**९ करोडभन्दा बढी अनियमितता गरेको अख्तियारको दाबी**

महानिरीक्षक कोषराज वन्त, पूर्वमहानिरीक्षकद्वय वासुदेव ओली र शैलेन्द्रकुमार श्रेष्ठविरुद्ध भ्रष्टाचार अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरिसकेको अख्तियारले सोमबार पूर्वमहानिरीक्षक बस्नेतविरुद्ध पनि भ्रष्टाचार अभियोगमा मुद्दा दायर गरेको हो । अख्तियारले बस्नेतमाथि मातहतका प्रहरी युनिटहरूमा खाद्यान्नलगायतका सामान ढुवानीमा ९ करोड १५ लाख ८१ हजार १ सय ५१ रुपैयाँ भ्रष्टाचार गरेको दाबी गरेको छ । बस्नेतमाथि पदमा रहँदा सशस्त्र प्रहरीका विभिन्न युनिटमा सामान ढुवानी गर्ने नाममा भ्रष्टाचार गरेको भन्दै सोबराबरको जरिवाना बिगो र कैद सजाय माग गरिएको छ । अख्तियारले बस्नेतसँगै सशस्त्र प्रहरी निरीक्षक बिनबहादुर थापाविरुद्ध पनि ९ करोड १५ लाख ८१ हजार १ सय ५१ रुपैयाँ भ्रष्टाचार गरेको अभियोग लगाएको छ ।



(बाँकी पृष्ठ ३ मा)

# गाउँमै मिल्न थाले झगडिया

**कोकिला ढकाल/राजधानी**
इलाम, १७ फागुन

छिमेकमा साँधसम्बन्धी विवाद सुरु भएको निकै भयो । विवादले चर्को रूप लिएपछि बरबोटेका मनराज जबेगूलाई विवादित दुवै पक्षलाई कसरी सहमतिमा ल्याउने र सम्बन्ध सुधार गरिदिने भन्ने चिन्ताले दिनभर सतायो । जग्गासम्बन्धी विवाद भएकाले कुरोको चुरो बुझेर सहमतिमा ल्याउने प्रयास अझै जारी छ ।

'पहिला जग्गा किन्नेले स्थानीय मेलमिलाप समितिमा उजुरी गरे । समिति र स्थानीय बुढापाका बसेर सहमतिको प्रयास गरियो । दुवैलाई चित्त बुझेको थिएन । 'आज फेरि जग्गा बिक्री गर्नेले उजुरी हालेका छन्,' मेलमिलाप समितिका अध्यक्षसमेत रहेका जबेगूले भने, 'अमिन ल्याएर नाप गराइयो । किनबेच भएको जग्गाको क्षेत्रफल नै पुग्दैन । तर, विवाद ठुलो होइन । हामी उनीहरूबिच घरमै राखेर सहमति गराउने प्रयासमा छौं ।' पछिल्लो पटक मेलमिलापका लागि आएको यो जग्गासम्बन्धी विवाद त उदाहरण मात्र हो । समितिमा अंश विवाद, छिमेकका साँध विवाद, घर परिवारका सानातिना झैझगडा, चोरीजस्ता देवानी प्रकृतिका मुद्दाहरूलाई गाउँ स्तरमै मिलाउनु मेलमिलाप समितिको दैनिकीजस्तै बनेको छ । 'हजुरबा (हजुर बुवा) को पालादेखि साना मुद्दाहरू पऱ्यो भने सुनाउन र मिलाइ माग्न आउने ठाउँ हाम्रो घर थियो ।

मेरा हजुरबा जयनारायण भट्टराई त्यसबेलामा मुखिया हुनुहुन्थ्यो । हजुरबाले छलफल गराउँदा र मुद्दा मिलाउँदाको सीप हामीले पनि सिकेर आयौं,' बरबोटेका गायत्री भट्टराई भन्छिन्, 'हजुरबाले सिकाएको सिप आज पनि उत्तिकै काम लागेको छ । मुद्दा मिलाउने थप नयाँनयाँ सिप आएका छन् ।

(बाँकी पृष्ठ ३ मा)



*इलाम बरबोटे गाविसका मेलमिलापकर्ताहरू ।*






भारतीय राजदूत रञ्जित रायद्वारा लैनचौरस्थित भारतीय राजदूतावासको नयाँ गेटको उद्घाटन गर्दै । मंगलबारबाट यो गेट सञ्चालनमा आएको छ । तस्बिर : राजधानी

# सांसद्ले खाने चमेना गृहमै गुणस्तरहीन खाना

## भान्सा अत्यन्त फोहोर

**लक्ष्मी सापकोटा/राजधानी**
काठमाडौं, १७ फागुन

प्रधानमन्त्री, मन्त्रीदेखि सांसद्हरूको खाना तथा खाजाका लागि सञ्चालन गरिएको चमेनागृह (क्यान्टिन) मै म्याद नाघेका गुणस्तरहीन खाना खुवाउने गरेको पाइएको छ ।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग र नागरिक न्यायिक उपभोक्ता मञ्च नेपालको नेतृत्वमा सोमबार गएको अनुगमन टोलीले यस्तो फेला पारेको हो। प्रशासनिक निकायको मुख्य केन्द्र सिंहदरबारभित्र रहेको व्यवस्थापिका संसद्को क्यान्टिनमा म्याद नाघेका पाउरोटी र मसला खुवाउने गरेको पाइएको छ । क्यान्टिनको भान्सा अत्यन्त फोहोर र भाडा धुने ठाउँ व्यवस्थित नभएको अनुगमनका क्रममा फेला परेको छ। विभागका अनुगमन शाखा निर्देशक लक्ष्मण श्रेष्ठले व्यवस्थापिका संसद्को क्यान्टिनमा लेभल नभएका सामान वितरण गरेकाले तत्काल वितरण नगर्न निर्देशन दिइएको छ ।

क्यान्टिनको भान्साभित्रै कुकुरलाई खाना खुवाइरहेको र सडेगलेका तरकारी, फलफुल व्यवस्थित ढंगले राखिएको पाइएन,' निर्देशक श्रेष्ठले भने, 'तत्काल सुधार गर्न निर्देशन दिएकाले केही दिनमै सुधार नगरे कारबाही प्रक्रिया अगाडि बढाउँछौं ।' भान्साभित्र फोहोर र झिँगा भन्केको र सामान अस्तव्यस्त तरिकाले राखिएकाले पनि तत्काल सुधार गर्न निर्देशन दिइएको श्रेष्ठले जानकारी दिए ।

सो क्यान्टिनभित्र फलफुल काट्ने र फोहोर फाल्ने ठाउँमा झिँगा भन्किरहेका थिए। खाना पकाउने ठाउँ खुला चौरमा र वरिपरि फोहोरैफोहोर थुपारिएको थियो ।

नागरिक न्यायिक उपभोक्ता मञ्चका महासचिव रञ्जन शर्मा खनालले सांसद्, मन्त्रीदेखि ठुलाबडाले खाने क्यान्टिन नै अन्यन्त अस्तव्यस्त र अत्यन्त फोहोर रहेको बताए । नियमनकारी निकाय कमजोर हुँदा सो क्यान्टिनले स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यान्न खुवाइरहेका छन्,' खनालले भने, 'सांसदले खाने क्यान्टिन अव्यवस्थित र फोहोर हुँदा अन्य ठाउँ क्यान्टिनको अवस्था के होला ।' उपभोक्ताको स्वास्थ्यमाथि प्रतिकूल असर पार्ने खाद्यान्न वितरण गर्ने क्यान्टिन तत्काल बन्द गरिनुपर्ने उनको भनाइ छ ।

व्यवस्थापिका संसद्को क्यान्टिनमा यसअघि पनि दूषित खाद्यान्न खुवाउने गरेको फेला परेकाले विभागले सुधार गर्न निर्देशन दिएको थियो । क्यान्टिन चलाउने सञ्चालक परिवर्तन भएको भन्दै पुनः दूषित र गुणस्तरहीन खाद्यान्न खुवाउने गरेको पाइएको छ ।

विभागले सिंहदरबारभित्रै रहेको पर्यटन र श्रम मन्त्रालयको क्यान्टिनमा अनुगमन गर्दा फोहोर र अव्यवस्थित पाइएको थियो । भान्सानजिक फोहोर थुपारिएको र भाडा धुने ठाउँ व्यवस्थित नभएको पाइएको छ ।

त्यस्तै, विभागले कृषि विकास मन्त्रालयको क्यान्टिनमा समेत अनुगमन गरेको छ । अनुगमनका क्रममा शौचालयनजिक साँघुरो कोठामा क्यान्टिन सञ्चालन गरिएकाले पकाउने, खाने र भाडा माझ्ने एउटै ठाउँमा भएकाले अव्यवस्थित भएको पाइएको छ । म्याद नाघेका पाउरोटी र ब्रेडसमेत राखिएको थियो। सोमबार नै विभागले बबरमहलस्थित भानु ग्याँसको डिपोमा समेत अनुगन गरेको थियो ।

विभागले बजारमा हुने कालोबजारी, कृत्रिम अभाव, मिसावट, म्याद नाघेका सामान वितरणमा रोक लगाउन नियमित रूपमा अनुगमन गर्दै आएको छ।

विभागले खाद्यान्न तथा किराना पसल, ग्याँस डिपो, खानेपानी, औषधिलगायत अन्य क्षेत्रमा अनुगमन गर्दै आएको छ। अनुगमनका क्रममा उपभोक्ता ठग्ने व्यापारीलाई तत्काल कारबाही गर्ने गरेको विभागले जानकारी दिएको छ। पछिल्लो समय खाना पकाउने ग्याँसमा व्यापारीले अभाव देखाउँदै बढी मूल्य लिई ठग्ने गरेका छन् ।

# प्लास्टिक झोला प्रयोगमा पुनः कडाइ

## ११ सय किलो झोला बरामद

**सविन शर्मा/राजधानी**
काठमाडौं, १७ फागुन

सरकारले विनाशकारी भूकम्पपछि रोकिएको प्लास्टिक झोला नियन्त्रण अभियान पुनः सुरु गरेको छ । सरकारले पछिल्ला दिनमा मापदण्डविपरीतका १ हजार ९५ किलो प्लास्टिक झोला जफत गरिसकेको छ ।

'हामीले २९ माघमा कपनस्थित सवनम प्लास्टिक उद्योगमा अनुगमन गरी ३ सय ९२ किलो मापदण्डविपरीतका प्लास्टिक झोला नियन्त्रणमा लिएका थियौं,' वातावरण विभागका महानिर्देशक जगदीशभक्त श्रेष्ठले राजधानीसँग भने, 'त्यसपछि ११ फागुनमा पाटन औद्योगिक क्षेत्रभित्रको राधाकृष्ण प्लास्टिक उद्योगमा अनुगमन गरी ७ सय ३ किलो मापदण्डविपरीतको झोला जफत गऱ्यौं ।'

प्लास्टिक झोला नियन्त्रणमा लिई दोषीमाथि वातावरण संरक्षण ऐन, ०५३ को दफा १८ बमोजिम कारबाहीको प्रक्रिया अघि बढाइएको छ ।

ठुलो मात्रामा प्लास्टिक उत्पादन गर्ने उद्योगभन्दा पनि बाहिरका साना उद्योगले मापदण्डविपरीत प्लास्टिक झोला उत्पादन गर्ने गरेको पाइएको छ। वातावरण विभागका महानिर्देशक श्रेष्ठका अनुसार, पहिचान गरिसकेका त्यस्ता उद्योगमा पनि अनुगमन गरी मापदण्डविपरीत सञ्चालनमा रहेको उद्योग र त्यसका उत्पादन नियन्त्रण गर्ने अभियान सुरु भएको छ ।

सरकारले तरकारी तथा अस्पतालको फोहोर व्यवस्थापनका लागि ठुलो आकारको प्लास्टिक झोला आवश्यक पर्ने माग भएको भन्दै ४० माइक्रोनभन्दा बढी र बोरा आकारको झोला उत्पादनमा भने प्रतिबन्ध लगाएको छैन ।

सरकारले राजपत्रमा सूचना प्रकाशन गरी उपत्यकाका चार भन्ज्याङभित्र प्लास्टिक झोला प्रतिबन्ध लगाएको हो । प्लास्टिक झोलाले वातावरण र मानव स्वास्थ्यमा नकारात्मक असर पुऱ्याएको भन्दै जनसंख्या तथा तथा वातावरण मन्त्रालयले प्रतिबन्ध लगाएको हो । उपत्यकाका तिन जिल्ला काठमाडौं, भक्तपुर र ललितपुरभित्र झोला उत्पादन, बिक्री-वितरणदेखि आयातमा समेत रोक लगाइनेछ । अभियानमा सहयोग नगर्ने व्यवसायी, उपभोक्ता तथा आयातकर्तालाई कारबाही गर्ने चेतावनी वातावरण मन्त्रालयले दिएको छ ।

व्यवस्थापिका संसद्को वातावरण संरक्षण समितिको ९ भदौ ०७१ मा बसेको बैठकले प्लास्टिक झोलामुक्त उपत्यका बनाउन सरकारलाई निर्देशन दिएको थियो । समितिको निर्देशनअनुसार सरकारले उपत्यकाभित्र प्लास्टिक झोला प्रतिबन्ध लगाउने घोषणा गरेको हो। प्लास्टिक झोला नियमन तथा नियन्त्रण निर्देशिका, ०६८ लाई प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारी वातावरण विभागको हो ।

उपत्यकाबाहिर ३० माइक्रोनभन्दा बढीको प्लास्टिक झोला प्रयोग गर्न पाइने भए पनि गत वैशाखदेखि उपत्यकामा २० इन्च चौडाइ र ३५ इन्च उचाइको प्लास्टिक झोलाभन्दा साना आकारका झोला प्रयोग गर्न रोक लगाइएको थियो ।

कसैले प्लास्टिकको झोला बोकेको तथा बिक्रीवितरण गरेको पाइएमा वातावरण निरीक्षकले तत्काल पक्राउ गरी कारबाही गर्नसक्ने वातावरण संरक्षण ऐनमा उल्लेख छ। 'यदि कसैले प्लास्टिकको झोला प्रयोग गरेको वा बिक्री वितरण गरेको पाइएमा वातावरण संरक्षण ऐनको दफा १८ को उपदफा २ बमोजिम कारबाही हुनेछ,' वातावरण विभागका महानिर्देशक सुरोज पोखरेलले भने, 'प्लास्टिकको झोलाको मात्रा हेरी कारबाही हुनेछ ।'

ऐनमा 'कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा निर्देशिकाविपरीत अन्य कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसुरको मात्रा हेरी ५० हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ,' भनिएको छ ।

# प्रधानमन्त्रीको चीन भ्रमण चैत पहिलो साता

**राजधानी समाचारदाता**
काठमाडौं, १७ फागुन

सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण तालिका चैत पहिलो सातालाई लक्षित गरी आन्तरिक तयारी थाल्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले सो निर्णय गरेको हो ।

बैठकपछि सूचना तथा सञ्चारमन्त्री शेरधन राईले चीन भ्रमणका लागि मिति तोकी नसकिएको तर पहिलो सातालाई केन्द्रमा राखेर आन्तरिक तयारी थाल्ने निर्णय गरिएको बताए । 'छिट्टै नै छिमेकी मुलुक चीन भ्रमणको तयारीमा जुट्ने निर्णय भएको छ,' बैठकपछि सरकारका प्रवक्तासमेत रहेका राईले भने, 'अहिले मिति तोकिएको छैन, चैत पहिलो साता हुनसक्छ ।'

### मन्त्रिपरिषद् बैठक

मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री ओलीले भारत भ्रमणको विषयमा औपचारिक रूपमा जानकारी गराएका थिए। उनले आफ्नो भ्रमणले आपसी एकता र सम्बन्ध वृद्धि भएको जानकारी गराउँदै बहुआयामिक समझदारीलाई नयाँ ढंगले अगाडि बढाउने सहमति भएको बताए ।

बैठकले कालिकोट जिल्लामा हवाई दुर्घटनामा आफू मरेर भए पनि सम्पूर्ण यात्रुलाई बचाउने क्याप्टेन तथा को-पाइलट दुवैको साहसिक बलिदानको उच्च कदर गर्दै मरणोपरान्त वीरता पदकले उनीहरूलाई सम्मान गर्ने निर्णयसमेत गरेको छ ।

यस्तै, सरकारले नेपालमा पत्रकारिता क्षेत्रको कुनै पनि राष्ट्रिय दिवस नभएको भन्दै गोरखापत्र प्रकाशन भएको पहिलो दिन २४ वैशाख १९५८ लाई संस्मरण गर्दै हरेक वर्षको २४ वैशाखलाई राष्ट्रिय पत्रकार दिवस घोषणा गरेको छ ।

सरकारले पूर्वमन्त्री तथा नेपाली कांग्रेसका नेता नरहरि आचार्य, राष्ट्रिय गानका संगीतकार तथा वरिष्ठ संगीतकार अम्बर गुरुङको सम्पूर्ण उपचार खर्च सरकारले बेहोर्ने निर्णय गरेको छ ।

संविधान जारी भएको घोषणामा सरकारले १ सय ६५ जना कैदीलाई जेलमुक्तिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णयसमेत गरेको छ ।

# अदालतको फैसला उपहासको कथा बनेपछि...

**झलक पाली/राजधानी**
डोटी, १७ फागुन

तपाईंलाई लाग्न सक्छ अदालत जस्तो सम्मानित निकायबाट पीडितका पक्षमा फैसला भए फैसलाको पक्कै कार्यान्वयन हुन्छ। अहँ.. त्यो पनि कहाँ हुँदो रहेछ र ? त्यसैले त 'नेपालको कानुन दैवले जानून्' भन्ने भनाइ स्थापित भएको होला ।

यहाँ यस्तै भएको छ। पुनरावेदन अदालत दिपायलमा परेको मुद्दामा पीडित भनिएका पक्षमा फैसला भए पनि पीडक पक्षलाई कुनै कारबाही भएको छैन ।

प्रसंग हो डोटीको बन्लेक गाविस ७ की लक्ष्मी विष्टको। हुन त यस्ता घटना गोपनीयता र आत्मसम्मानका लागि सञ्चार माध्यममा नआउनुपर्ने हो तर पीडित विष्टले पत्रकार सम्मेलन आयोजना गरेरै मिडियाकरण गरिदन आग्रह गरेपछि रहस्य सार्वजनिक भएको हो। विष्टकै गाउँका तत्कालीन समयमा हनुमान्ध्वज गुल्म, भगतपुर ब्यारेक कञ्चनपुरमा कार्यरत सैनिक जवान टेकबहादुर धामीले करिब ४/५ वर्ष लामो सम्बन्धपछि प्रेम विवाह गरी ०६८ चैतमसान्तमा उनलाई कञ्चनपुरको कलुवापुरमा डेरा गरी राखे। झन्डै तिन महिनापछि गर्भवती भएकी उनलाई १२ पुस ०६९ मा सेती अञ्चल अस्पताल लगेर गर्भपतन गराए । आफ्नो नाम ठेगाना समेत अस्तपाललाई जानकारी नगराएर मोबाइल नं. ९८४८४८०४८८ छोडेर बाहिरिए। त्यसपछिको केही दिन सँगै बसेको र लगत्तै सम्पर्कविहीन अवस्थामा धामीले विष्टलाई छोडेर गएको पीडित विष्ट बताउँछिन्। त्यसपछि भारतबाट फोन गरेर 'तिमी आफ्नो घर जाऊ, म इन्डिया आइसकें, मेरो घरपरिवारले तिमीलाई स्विकार्दैनन्, त्यसैले तिमी आफ्नो घर फर्क' भनेको विष्ट बताउँछिन्। त्यसपछि केही दिनमै धामी बेहोसीपनमा कलुवापुर फर्केर डेरामा राखिएका लुगाकपडा, ग्याँस चुलो र भाँडाकुँडा छिमेकीको घरमा राखेर गएपछि केही दिन उनलाई घरबेटीले सहारा दिएको रुँदै विष्टले सुनाइन्। त्यसबिच उनले विभिन्न समयमा सेनाका विभिन्न निकायमा, प्रहरी चौकीमा, सुरक्षित अल्पकालीन जिल्ला महिला सेवा केन्द्र, जिल्ला अदालत, पुनरावेदन अदालत सबै ठाउँ धाइन्। हुँदै गर्दा जिल्ला अदालत डोटीको मिति ०७० पुस ९ गतेको फैसला अनुसार टेकबहादुर धामी र लक्ष्मी विष्टबिच लोग्ने-स्वास्नीको नाता कायमसमेत गरिसकेको सदर हुने गरी ०७१ असार २४ गते पुनरावेदन अदालत दिपायलले समेत फैसला गरेको छ। नाता कायम भइसकेपछि यसबिच पीडित विष्टले मानाचामलसम्बन्धी दिएको उजुरीका आधारमा ०७१ पुस २ गतेको जिल्ला अदालतको निर्णयअनुसार विष्टलाई धामीले मिति ०७१ असोज १ गतेबाट लागू हुने गरी भरणपोषणका लागि मासिक ६ हजार रुपैयाँ उपलब्ध गराउनुपर्ने फैसला भएको देखिन्छ। तर, विष्टले आजका मितिसम्म कुनै रकम नपाएको बताइन्। उनका अनुसार सैनिक जवान धामीका बुबा हरि सिं धामी तत्कालीन समयमा नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको जन्मथलो डडेल्धुराको असिग्राम गाविस रुवाखोलामा अवस्थित घरमा कामदार रहेको र उनले त्यतिबेला नै 'तैंले के गर्न सक्छस्' भन्दै धम्काएको स्मरण गर्दै गहभरि आँसु पारिन्। ठुलै पदमा आसीन जिम्मेवार व्यक्तिको संरक्षणका कारण आफूले न्याय पाउन नसकेको विष्टले गुनासो गरिन्।

उनका अनुसार पीडक धामी हाल वन तथा पर्यावरण गण, रानीवास सिन्धुलीमा कार्यरत छन्। साथै, सम्पूर्ण सरोकारवाला निकाय र अधिकार क्षेत्रमा क्रियाशील निकायलाई सहयोगका लागि पनि उनले गुहार गरेकी छिन्। उनको यो पीडादायी घटनापछि माइती परिवारले पनि उनलाई स्विकारेको छैन ।

हाल उनी स्थानीय स्तरमा सिलाइकटाई तालिम लिएर व्यवसाय गर्दै आएकी छिन्।

## पूर्वआईजीपी...

यसैगरी सशस्त्र प्रहरी निरीक्षक मनुहीरा महतले ७३ लाख २३ हजार ९ सय ४५ रुपैयाँ, सशस्त्र प्रहरी निरीक्षक शिवबहादुर अधिकारीले २३ लाख ५९ हजार १० रुपैयाँ, सशस्त्र प्रहरी नायब निरीक्षक देवेन्द्रकुमार श्रेष्ठले ८३ लाख ८३ हजार १ सय ३६ रुपैयाँ भ्रष्टाचार गरेको भन्दै उनीहरूबाट भ्रष्टाचार गरेबापतको बिगो र त्यति नै रकम जरिवाना तथा कैद सजाय गर्न माग गरेको छ ।

सामान ढुवानीमा बस्नेतसँग मिलेमतो गरी सशस्त्र प्रहरी नायब निरीक्षक नीलबहादुर श्रेष्ठले १ करोड ६ लाख ६४ हजार ७ सय ३४ रुपैयाँ र सशस्त्र प्रहरी नायब निरीक्षक लेखबहादुर खत्रीले १ करोड ६ लाख २९ हजार ७ सय १२ रुपैयाँ भ्रष्टाचार गरेको दाबीसहित उनीहरूविरुद्ध पनि मुद्दा दायर गरिएको छ ।

बस्नेत २०६६ वैशाखदेखि २०६८ असार मसान्तसम्म सशस्त्र प्रहरी महानिरीक्षक थिए । उनले सो बेला पदीय हैसियतको दुरुपयोग गरी सार्वजनिक खरिद ऐन र नियमविपरीत विभिन्न कर्मचारीका नाममा ढुवानी गरेको देखाई भ्रष्टाचार गरेको अख्तियारको दाबी छ। अख्तियारका अनुसार सामान खरिदका लागि विभिन्न प्रहरी अधिकारीको नाममा पेस्की लिएको देखाउने तर सामान भने खरिद र ढुवानी दुवै नगर्ने गरेको तथ्य र प्रमाण मुद्दासँगै पेस गरिएको छ ।

भ्रष्टाचार गर्ने नियतका साथ बस्नेतले सञ्चालनमै नभएका र हुँदै नभएका झुटा ट्रान्सपोर्ट कम्पनीको नाममा झुटा बिल बनाएर रकम दाबीका लागि पेस गरेको भेटिएको भन्दै भ्रष्टाचार पुष्टि भएको दाबी अख्तियारले गरेको छ। बस्नेतले बुद्ध र यती एयरलाइन्सबाट कार्गो गरी मातहत युनिटहरूमा जिन्सी सामानहरू ढुवानी गराएको नक्कली बिल बनाएर भ्रष्टाचार गरेको अख्तियारको दाबी छ । तत्कालीन आईजीपी बस्नेतले मातहतका प्रहरी अधिकारीको नाममा चेक काटेर चेकको पछाडि सो पेस्की रकमलाई दैनिक भ्रमण भत्ता शीर्षकमा रूपान्तरण गरेर समेत पदीय दुरुपयोग गरेको भेटिएको अख्तियारले विशेष अदालतमा दायर गरेको अभियोगपत्रमा उल्लेख छ। अख्तियारले यसअघि बस्नेतभन्दा पहिलाका महानिरीक्षक वासुदेव ओलीले पदमा रहँदा १ करोड १४ लाख ५४ हजार ४९ रुपैयाँ भ्रष्टाचार गरेको भन्दै उनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। अख्तियारले ओलीसँगै सशस्त्र प्रहरी निरीक्षक मनुहीरा महतले २८ लाख १८ हजार ५ सय १५, सशस्त्र प्रहरी निरीक्षक शिवबहादुर अधिकारीले ७ लाख ३ हजार ३५, नायब निरीक्षक देवेन्द्रकुमार श्रेष्ठले ५ लाख ६० हजार ९ सय ५२ र नायब निरीक्षक लेखबहादुर कार्कीले ४५ लाख २० हजार २ सय ७३ रुपैयाँ भ्रष्टाचार गरेको भन्दै मुद्दा दर्ता गरेको थियो ।

बस्नेतको अवकाशपछि सशस्त्रमा किशोर कुमार लामा १४ दिन कायममुकायम महानिरीक्षक बनेका थिए । लामापछि शैलेन्द्रकुमार श्रेष्ठ साढे आठ महिना महानिरीक्षक भए । अख्तियारले श्रेष्ठमाथि पदमा रहँदा ८० लाख ९३ हजार ६ सय १० रुपैयाँ भ्रष्टाचार गरेको दाबीसहित विशेष अदालतमा मुद्दा दायर गरिसकेको छ । श्रेष्ठको अनिवार्य अवकाशपछि महानिरीक्षक बनेका वन्तमाथि अख्तियारले ६ करोड ७९ लाख ४१ हजार ७ सय ६ रुपैयाँ भ्रष्टाचार गरेको दाबीसहित विशेष अदालतमा मुद्दा दर्ता गरेको हो ।

## गाउँमै...

ती सिप सिकेर विवादित दुवै पक्षको जितजित महसुस गराउने गरी अहिले हामी गाउँमै मुद्दा मिलाउँदै छौं ।'

मेलमिलापकर्ताको पहलपछि स्थानीय पनि अब गाउँमै मिल्नु राम्रो भन्ने निष्कर्षतिर पुग्न थालेका छन्। 'एक्लै गर्ने कुरा होइन। समितिमा भएका धेरै जना बसेर मुद्दामाथि छलफल हुन्छ। समितिका मेलमिलापकर्ता, बुढापाका, बुद्धिजीवी सबैको कुरा सुन्दासुन्दै विवादित पक्ष आफैं मत्थर हुने गरेका छन् । मेलमिलाप गर्नु नै ठिक भन्ने महसुस गर्छन्,' स्थानीय मेलमिलाप समितिकी सीता रिजाल भन्छिन्, 'धेरै जना बसेर गराइने मेलमिलापको काम सजिलै हुन्छ। दुवै पक्ष खुसी पनि हुन्छन् तर मेलमिलापकर्ताले चाँहि कति समय दिनुपर्ने हो, त्यो टुंगो हुँदैन ।' मेलमिलाप गराउँदा विवादका पक्षहरूलाई राखेर उनीहरूका बिचबाटै मिलनबिन्दु खोज्ने गरिन्छ । रिजाल, भट्टराई र जबेगू तालिम प्राप्त मेलमिलापकर्ता हुन्। मेलमिलापकर्ता हुन पनि निश्चित समयको पाठ्यक्रम पूरा गर्नुपर्छ। मेलमिलापसम्बन्धी ऐन २०६८ र नियमावली २०७० अनुसार कम्तीमा ४० घन्टादेखि ४८ घन्टासम्मको पाठ्यक्रम पूरा गरेपछि मात्र मान्यता प्राप्त मेलमिलापकर्ता बन्न सकिन्छ । यसरी तयार भएका र मेलमिलाप परिषद्बाट स्वीकृति पाएका मेलमिलापकर्ताले गाउँस्तरमै मुद्दा मिलाउँदा राज्यलाई नागरिकका कामकारबाही गर्न धेरै सहयोग पुग्ने समितिका अध्यक्ष जबेगूले बताए । 'हामीले अहिले डेढ सय मुद्दामा मेलमिलाप गराएका छौं । यदि यी मुद्दाहरू स्थानीय निकाय हुँदै जिल्ला प्रशासन र जिल्ला अदालतसम्म जाने हो भने ती निकायलाई आफ्ना कार्य गर्न धेरै असहज हुन्छ,' गाविसमा आउने मुद्दाहरू मेलमिलापले हेरिदिँदा गाविसलाई गाउँका अन्य कामहरू गर्न सहज भएको उनको बुझाइ छ ।

अहिले इलामका ४३ ओटै गाविससहित सूर्योदय र इलाम नगरपालिकामा मेलमिलापकर्ताहरू मुद्दाको मेलमिलाप गराएर सामाजिक सम्बन्ध सुधार गर्दै छन् । स्थानीय मानव अधिकार मञ्चमार्फत गठन भएका मेलमिलाप समितिहरूले अहिलेसम्ममा १ हजारभन्दा बढी विवाद मिलाएको मञ्चका सचिव देवेन्द्र विश्वकर्माले बताए। 'गाउँमा मेलमिलापकर्ताले धेरै विवाद टुंगो लगाएर बिग्रिएको छिमेकको सम्बन्ध छिमेकीकै रूपमा स्थापित गराएका छन्,' उनले भने, 'कतिपय विवादहरूको अभिलेख मेलमिलापकर्तालाई समय नपुगेर राख्न पनि सक्दैनन् । तर, पछिल्लो समयमा अभिलेख राख्ने परिपाटीलाई पनि विकास गर्न हामीले सचेत गराउँदै आएका छौं । विनातलब घरको भात खाएर गरेको कामको मूल्यांकनका लागि पनि अभिलेख राख्न आग्रह गर्दै आएका छौं,' विश्वकर्माले भने। उनी मेलमिलाप समिति र मेलमिलापकर्ताले जिल्लामा धेरै राम्रो कार्य गरेको बताउँछन्। मञ्चले आफ्नो स्थापनासँगै जिल्लाका हरेक गाविसमा मानव अधिकार मध्यस्थता समितिका रूपमा मेलमिलापलाई अगाडि बढाएको थियो । पछि मेलमिलापको नीति आएपछि तिनै समितिलाई अध्यावधिक गर्दै मेलमिलाप समिति बनाएर मान्यता प्राप्त मेलमिलापकर्ताको उत्पादन गरिएको मञ्चले जनाएको छ ।

द्वन्द्व जहाँबाट सुरु हुन्छ, त्यहींबाट मेलमिलाप गर्ने र फाटेका मनहरूलाई टाल्ने अभिप्रायले सर्वोच्च अदालतको मेलमिलाप परिषद्ले पनि मेलमिलापको नीतिलाई अगाडि बढाएको अदालतका शाखा अधिकृत देवीराम भण्डारी बताउँछन् ।

## कांग्रेसमा...

देउवाले सभापतिसहित एक महामन्त्री र कोषाध्यक्षको नाम घोषणा गर्ने महतले जानकारी दिए । कार्यवाहक सभापति पौडेल पनि संस्थापन पक्षलाई मिलाएर बुधबारसम्म उम्मेदवारी घोषणा गर्ने तयारीमा लागेका छन्। उनले सोमबार दिनभर संस्थापन पक्षधर नेतासँग छलफल गरेका छन् । सोमबार दिउँसो प्रमुख सचेतक चीनकाजी श्रेष्ठको निवास हात्तीगौंडास्थित निवासमा संस्थापन पक्षधर नेताले बैठक बोलाइएको थियो । बैठकमा डा. नारायण खड्का, डा. मीनेन्द्र रिजाल, चीनकाजी श्रेष्ठ, दिलबहादुर घर्तीलगायतका नेताहरू उपस्थित थिए । संस्थापनबाटै सभापतिका आकांक्षीद्वय कृष्णप्रसाद सिटौला र सुजाता कोइरालालाई बोलाइए पनि दुवै बैठकमा सहभागी भएनन् ।

सोमबार साँझ नै पौडेलले संस्थापन पक्षधर नेताहरूसँग पुनः छलफल गरेका थिए । 'संस्थापनबाट एक मात्रै उम्मेदवार बनाउने प्रयास भइरहेको छ, यो प्रयास मंगलबारसम्म सफल हुन्छ, बुधबार संस्थापन पक्षबाट रामचन्द्र पौडेलले प्यानलसहित सभापतिमा उम्मेदवारी घोषणा गर्ने सम्भाना रहेको छ,' पौडेलनिकट नेता मधु आचार्यले राजधानीसँग भने ।

सभापतिका आकांक्षीद्वय कृष्णप्रसाद सिटौला र सुजाता कोइरालाले पनि बुधबार नै प्यानलसहित उम्मेदवारी घोषणाको तयारी थालेका छन् । सिटौलाले महामन्त्रीमा युवा नेता गगन थापालाई उम्मेदवार बनाउने भएका छन् । उनको टिममा प्रदीप पौडेल, कल्याण गुरुङलगायतका नेताहरू पनि रहेका छन् । यस्तै, सुजाताले पनि टिम मिलाउने प्रयास गरिरहेको स्रोतको भनाइ छ। सोही कारण टिम मिलाउन पौडेलले बोलाएका बैठक सिटौला र सुजाताले बहिष्कार गर्दै आएका छन् ।

**सहमति नभए महत पनि सभापतिकै उम्मेदवार**

कांग्रेस नेता डा. रामशरण महतले १३औं महाधिवेशनमा सहमतिमा नेतृत्व चयन हुन नसके सभापतिमा उम्मेदवारी दिने घोषणा गरेका छन्। काठमाडौंमा आयोजित एक कार्यक्रममा महतले सो घोषणा गरेका हुन् । 'सहमतिमा नेतृत्व चयन हुनुपर्छ भन्ने पक्षमा छु, सहमति हुन नसके मैले पहिला नै घोषणा गरेको छु, म सभापतिमा उठ्छु,' उनले भने ।

महतले राष्ट्रले आफ्नो नेतृत्व महसुस गरेको भन्दै अहिले बाहिर आएजस्तो सभापति पदको उम्मेदवारीको घोषणाबाट ब्याक नभएको स्पष्ट पारे । 'मुलुकको विकासवादको नेतृत्व लिन सक्ने मै हुँ। अन्तर्राष्ट्रिय क्षेत्रले मानेको र पुरस्कृत गरेको व्यक्ति हुँ म। त्यसैले, सभापति बन्न म जति योग्य कोही पनि छैन,' महतले भने । महत पार्टीभित्र सहमति भई एउटा मात्रै उम्मेदवार हुने भए आफू जुनसुकै पदमा बसेर काम गर्न तयार रहेको स्पष्ट पारे । 'सहमति भए मलाई पद चाहिँदैन । त्याग गर्न तयार छु,' उनले भने ।

## खण्डहरमा...

तर, गर्ने भन्ने कोही नभएपछि जमिन बाँझै छ । 'अब बुढेसकाल लाग्यो, गरी खान नसक्ने भएँ हजुर,' उनले भने । माघको जाडो एकसरो पालमुनि चिसा रात कटाएका उनले गर्मी पनि त्यसैमा कटाउनुपर्ने बाध्यता छ। खान सामल छैन, लगाउन लत्ताकपडा छैनन् । चिसो भुइँमा शीत ओढेर रात कटाए उनले। 'खानै नपाएर मरिएला भन्ने पिर छ, सिरक कम्बल कहाँबाट ल्याउनु ?' उनले भने । टाउको लुकाउने घर नै ढलेपछि आफ्नै गाउँमा उनी शरणार्थीझैं बनेर बेवारिसे जीवन गुजार्दै छन् । 'मालिक यो दमाईलाई दया गर्नोस्,' राजधानीकर्मी रानाथोक पुग्दा डाँको छोडेर रुँदै उनले भने । भूकम्पपछि मागिखानु उनको नियति बनेको छ ।

विष्टहरूकोमा मागेर छाक टार्दै आएका छन् उनी। कहिले त भोकै बस्नुपरेको उनी सुनाउँछन्। 'कुनै दिन पाँचपटकसम्म खान पाउँछु, कुनै दिन भोकै बस्नुपर्छ,' भुइँमा झर्नै लागेको आँसु पुछ्दै उनले भने, 'म दुःखीलाई कसैले हेरेन, केही पाइएन मालिक।' पीडितलाई राहतका लागि भन्दै जिल्लामा थुप्रै संघ/संस्था भित्रिए तर उनको पीडामा मलम लगाइदिने कुनै संघ/संस्था भएनन्। सरकारबाट पनि केही राहत नपाएको उनी गुनासो गर्छन् । पकाएर खाने सामल छैन । पकाएर दिने मान्छे पनि कोही छैनन् । 'तेह्र वर्ष भो पकाइ ख्वाउनेले संसार छाडी, भएको एउटै छोरो १० वर्ष भयो, घर फर्किएको छैन,' दुःख सम्झन्छन् उनी, 'बास बस्ने घरै भत्किएपछि बिचल्लीमा परें हजुर ।'

सम्पादकीय

# उपचार र तथ्यांकमा लापरबाही नगर

१२ वैशाखको विनाशकारी भूकम्प र त्यसपछिका निरन्तरको पराकम्पनमा घाइते भएकाको उपचारमा राज्यको साढे २१ करोड रुपैयाँभन्दा बढी रकम खर्च भएको छ। तर, अहिलेसम्म घाइतेको पूर्ण विवरण संकलन हुन सकेको छैन। सरकारी तथ्यांकलाई नै आधार मान्ने हो भने भूकम्पमा परी ८ हजार ५ सय ५६ जनाको मृत्यु भएको थियो। तर, घाइते कति भए भन्नेमा राज्य बेखबरजस्तै रह्यो। भूकम्पलगत्तै निजी र सरकारी अस्पतालमा बिरामीको चाप थियो भने सामान्य चोटपटक लागेका केही दिनको उपचारपछि घर फर्केका थिए। जब, राज्यको सम्बन्धित निकाय गम्भीर उपचार गर्नुपर्नेकै अवस्थाबारे नै बेखबर छ भने सामान्य घाइतेका बारेमा तथ्यांक थाहा हुनु त परको विषय भयो।

भूकम्पले थुप्रै मानिसको जयन लियो। अर्बौं सम्पत्ति नष्ट मात्र गरेन, हजारौंलाई घाइते पनि बनायो। त्यसकारण पनि विनाशकारी भूकम्पमा परी गम्भीर बिरामी भएकाहरूको मात्र होइन आंशिक र बिरामी भएकाको विवरण पनि अद्यावधिक हुनैपर्छ। नेपाल आफैंमा भूकम्पीय जोखिमयुक्त मुलुक भएकाले पनि भूकम्पमा घाइते भएकाहरूको तथ्य राज्यसँग हुनुपर्छ। तथ्य संकलन गर्नुको अर्थ कहाँ कति घाइते भए भनेर जान्नका लागि मात्रै होइन। को के कारणले घाइते भए र फेरि यस्तै भूकम्प आयो भने कसरी जोगिने भन्नका लागि पनि तथ्य आवश्यक छ। भूकम्प गएलगत्तै उद्धार हुन नसक्दा कतिपय गम्भीर भएका थिए भने त्यस्तो अवस्थामा सुरक्षित हुने तरिका थाहा नपाउँदा पनि कतिपयको अवस्था गम्भीर भएको थियो। यति घाइतेको तथ्य संकलन गर्न सकियो भने गम्भीर घाइते भएर बाँचेकाको अनुभवका आधारमा पनि फेरि आउने विपत्तिबाट सर्वसाधारणलाई जोगाउन सकिन्छ। त्यसका लागि सबैभन्दा पहिला तथ्य नै आवश्यक हुन्छ। भग्नावशेषमा पुरिएकामध्ये पनि केहीको तिन/चार दिनपछि सकुशल उद्धार गरिएको थियो। भग्नावशेषमा केही दिन फसेका तर सकुशल रहेकाहरूका अनुभूति पनि पुनः आइपर्न सक्ने विपत्तिका लागि एउटा राम्रो पाठ हुन सक्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा त घाइतेमध्ये कतिपय अंगभंग भएका छन्। त्यस्ता बिरामीले विभिन्न अस्पतालमा नियमित स्वास्थ्य जाँच गराइरहनुपर्ने हुन्छ। यस्ता विपत्तिमा घाइते भएकालाई निःशुल्क उपचार गराउनु राज्यको कर्तव्य हो। तर, कतिपय पहुँच नभएकाहरूले निःशुल्क स्वास्थ्य जाँचको अवसर नपाएका हुन सक्छन्। हाम्रो राज्य प्रशासन कति कमजोर छ भन्नका लागि भूकम्पपीडितको परिचयपत्र हेरेरै थाहा हुन्छ। घर भत्किएकाहरूले त समयमा बनाउन पाएनन् नै, घाइते भएकाले निःशुल्क उपचार पाए भने पनि ती पीडितले राहतको अनुभूति गर्न सक्नेछन्। भूकम्पको प्रभाव १४ जिल्लामा परेको जगजाहेरै छ। यदि, सम्बन्धित निकायले चासो राख्ने हो भने तथ्य संकलन आफैंमा झन्झटिलो काम होईन। अहिले गाउँमा खटेको प्राविधिक टोलीलाई घाइते र मृत्यु भएकाहरूको विवरण समेत संकलन गर्न लगाउने हो भने सजिलैसँग घाइतेको तथ्यांक बटुल्न सकिन्छ।

# यदुवंशी शैलीबाट मुक्त कांग्रेसको खोजी



■ हरिविनोद अधिकारी

**कांग्रेसमा अबका दिनमा नीति र नेताको दुवैको अवस्थिति तुलनात्मक रूपमा सन्तुलनकारी होस् । अब नीतिप्रधान भनेर तुलसी गिरीलाई नेतृत्व दिन पनि सकिँदैन र नेताप्रधान भनेर व्यवस्थापकीय प्रमुख अन्तर्वार्ताबाट रोज्न पनि सकिँदैन । आखिर हामीसँग भएका यिनै नेतामार्फत नै दल र दलमार्फत नै देश सञ्चालन गर्ने हो ।**

अहिलेजस्तो रिक्तता १२औं महाधिवेशनमा पनि देखिएको थिएन। कांग्रेस सभापति सुशील कोइरालाको अवसानले पूरै महाधिवेशनलाई गाँज्नेछ र त्यागका लागि जन्मिएका एक मनीषिको अभावमा सबै कार्यवाहकमा गुटउपगुटको गन्ध मात्रै आउनेछ। स्वाभाविक रूपमा त्यो रिक्तताको पूर्ति गर्नका लागि कार्यवाहक सभापति रामचन्द्र पौडेलले कोसिस गर्नुहुनेछ। कार्यकर्तालाई एउटा नयाँ जोसको सञ्चार गराउनुहुनेछ किनभने नीति तथा कार्यक्रम पनि उहाँले नै बनाउनुभएको छ। कार्यवाहकका नाताले पनि नयाँ निर्वाचन गराउने र आगामी दिनका लागि नयाँ गोरेटोको खाका दिने पनि उहाँको भागमा नै पर्छ। पद एउटा छ र मुख्य आकांक्षी दुई/तीनजना हुनुहुन्छ। महाधिवेशनका प्रतिनिधिको जिम्मा हो, आगामी बागडोर कसको हातमा सुम्पिने ? तर, विवेकको प्रयोग गर्ने बेला पनि यही हो। आगामी दिनमा दलमा टुटफुट नहोस् भन्ने सोच्ने बेला पनि यही हो।

एउटा प्रत्याभूति भने कार्यकर्ताले पाएका छन्। अब, नेपाली कांग्रेसको महाधिवेशन सर्दैन। नेपाली कांग्रेसको महाधिवेशन फागुन २० देखि २३ सम्म काठमाडौंमा हुने जुन निर्णय गरिएको छ, त्यो बरू दुई या चार दिन लम्बिन सक्छ तर यो बाध्यकारी समयभित्र पर्छ। नयाँ संविधानमा पाँच वर्षपछि पनि अर्को ६ महिनाको प्रावधान राखिएकाले यो अधिवेशन गर्नैपर्ने गरी व्यवस्था गरिने भएको हो।

महाधिवेशन जतिजति निकट आउँदै छ त्यति त्यति चुनावी सरगर्मी बढिरहेको छ। सभापतिमा घोषित उम्मेदवारमा कार्यवाहक सभापति तथा पूर्वउपप्रधानमन्त्री रामचन्द्र पौडेल र कांग्रेस प्रजातान्त्रिकका तत्कालीन सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा नै पक्का देखिनुभएको छ र अरू उम्मेदवारहरू पनि हुन सक्ने आँकलनसम्म गरिएको छ। कहिलेकाहीँ नपत्याउने खोलाले बगाउँछ भनेझैं महामन्त्री कृष्णप्रसाद सिटौलासमेतको चर्चाले पौडेललाई अप्ठ्यारो पर्ने सम्भावना छ र अझै मिलेर जान सक्ने सम्भावना पनि असम्भव होइन। पर्यवेक्षकका विचारमा त्यागको मात्रा जसले बढी देखाउँछ, उसैको स्थिति बलियो छ। पौडेलको चाहना दललाई एकपटक सैद्धान्तिक धारमा लैजाने हो भने देउवाको चाहना एकपटक दललाई गुटभन्दा माथि उठाएर एकताबद्ध गराउने हो। तर, गुट मौलाएको छ र गएको पाँच वर्ष पार्टीलाई हल न चल बनाइएको छ। त्यसको जवाफदेहिता कसले लिने हो ? आपसमा मिलेर बस्न नसक्ने र दललाई गुटका आधारमा चलाएको अपजस कसले बोक्ने हो ? यो प्रश्न सम्भवतः महाधिवेशन प्रतिनिधिले औपचारिक वा अनौपचारिक अवस्थामा नै भए पनि खोज्लान् र नेतृत्वले जवाफ दिनैपर्नेछ।

सर्पले भ्यागुतालाई मुखमा गाँज्दा पनि भ्यागुतो कीरा टिप्न थाल्छ रे आफ्नो जिभ्रोले भनेजस्तै मुलुकको यो भयावह अवस्थामा पनि कांग्रेसका विवाद र





छिनाझपटी कायम छ। आफूले आफैंलाई सिध्याउने प्रयास द्रुततर गतिमा कायम छ। यो अधिवेशनले आगोमा घिउको काम गर्ने कुरामा समीक्षकहरू चिन्तित छन्। लोभी, पापी र अक्षमहरूको बथानमा कोही कोही सक्षम र इमानदारको कुनै महत्त्व हुँदैन भन्ने कुरा अहिले प्रमाणित हुँदै छ। कम्तीमा शुद्धीकरण अभियान र लोकतन्त्रप्रति मात्र आस्था हुनेको जमात नेपाली कांग्रेसलाई बनाउन सके भविष्यमा नेपालको लोकतन्त्र सुरक्षित हुने थियो भन्ने अभिलाषा मात्र राख्न सकिन्छ। को सभापति ? को प्रधानमन्त्री र को राष्ट्रपति ? भन्ने प्रश्न अब बाँकी रहेन, अब त को राष्ट्रवादी ? को स्वाभिमानी ? को लोकतन्त्रवादी र को नेपाली कांग्रेसको घोषित आदर्शलाई मान्ने भन्ने कुरा महत्त्वपूर्ण हो। अरू त प्रक्रियामा आफैं हुने कुरा हो। अतीतमा नदेखिएको गुटबन्दी यसरी देखिएको छ कि प्रतिस्पर्धीहरूले त्यसैमा खेलाउँछन् र नेपाली कांग्रेसका कथित नेताहरू त्यसैमा आफूलाई महान् सम्झेर आफूलाई समाप्त पार्न रमाउँछन्।

देशमा प्रजातन्त्र स्थापना, पुनःस्थापना र प्रजातन्त्रको विकासका लागि अनवरत संघर्ष गरिरहने दलका रूपमा कांग्रेस पर्छ। प्रजातन्त्रप्रति आस्था राखेका कारणले सर्वस्वहरण गरिएका, ज्यान गुमाएका र १०औं वर्ष जेल बसेका व्यक्तिहरूको लामो संख्या कांग्रेसमा छ। प्रजातान्त्रिक प्रक्रिया देशमा बहाल गराउनका लागि अनवरत संघर्ष गरिरहने दलका रूपमा नेपाली कांग्रेस पर्छ। तर, सत्तामा आएपछि आफूलाई माया गर्ने र नगर्नेका बिचमा फरक देख्न नसक्ने अनि लोकतन्त्रका नाममा भीडतन्त्रलाई प्रोत्साहन दिने काम गरेको सुरुदेखि नै पाइन्छ। सायद, त्यसैले तुलसी गिरी र विश्वबन्धु थापाहरूको जन्म भएको थियो र केशरबहादुरहरूको पनि जमघट भएको थियो। अहिले पनि त्यस्ता पात्रहरू पार्टीमा गजधम्म सबैको बाटो ओगटेर बसेकै छन्। यो नामको लस्कर लामो हुन्छ र अहिले धेरैजसो निर्णायक तहमा छन्। यसको उदाहरणका लागि पार्टी सभापतिदेखि सबैखाले नेताको गुनासो एउटै छ तर कोही पनि त्यसको निराकरण किन गर्न सक्दैनन् त ?

जतिजति नयाँ संविधानको घोषणा ढिलो हुँदै गएको थियो, त्यति त्यति कांग्रेस महाधिवेशनको मिति पर धकेलिँदै गएको थियो। स्वाभाविक पनि हो। तर, यति ढिलोसम्म समय लिएर जान नै व्यवस्थापकीय हिसाबले गलत थियो र संवैधानिक हिसाबले दलको रूपमा रहिरहन पनि त्यो मितिसम्ममा अधिवेशन गर्नु नै पर्छ भन्ने बाध्यकारी अवस्था भने सृजना भएकै हो।

एउटा लोकतान्त्रिक संस्थाको आन्तरिक व्यवस्थापन र सांगठनिक व्यवस्थापन लोकतान्त्रिक प्रक्रियाले हुनु नै पर्छ र त्यो पनि नमुनाका रूपमा नै हुनुपर्छ भन्ने कुरामा दुई मत नै रहँदैन। तर, बिहेको अलमलमा केटी माग्न बिर्सेको जस्तो अरू कुराको अलमलमा जिल्ला तथा केन्द्रीय निर्वाचन नै अन्योलमा परेर दलको दर्ता नै धरापमा पर्ने अवस्था आउन लागेको थियो। त्यसको फाइदा कांग्रेसविरोधी र लोकतन्त्रका विरोधीहरूले उठाए र आजसम्म पनि संविधान आएको खुसी सबै नेपालीले दिल खोलेर मनाउन सकेको अवस्था छैन। त्यसका पछिल्तिरका कारण जेसुकै हुन्। यसमा भने त्यो दलप्रति आस्था राख्ने लाखौं समर्थकलाई लाजमर्दो हुन लागेको अवस्थाचाहिँ सृजना हुनै लागेको थियो।

एउटा मास पार्टीमा क्रियाशील र साधारण सदस्य भन्ने पो किन चाहियो ? सांगठनिक प्रक्रिया भनेको साधारण सदस्यका बीचबाट केही सक्रिय सदस्यहरू हुनेछन् र सक्रिय सदस्यबाट प्रतिनिधिमूलक सदस्यले कार्यकारीहरूको निर्वाचन गर्ने हुन्। कांग्रेसमा एकैपटक सक्रिय सदस्य हुन्छन् र ती पनि प्रायोजित तरिकाले अहिले त्यसैमा मारामार छ। किनभने, त्यसैबाट राम्रा र त्यागीलाई हराउन सबैले सबैलाई प्रयोग गर्ने गर्छन्। लोकतन्त्रप्रति आस्था र संगठन गर्नेहरूको कुनै अभिलेख छैन। अहिलेकै कार्यवाहक केन्द्रीय सभापति नै यदि फेरि पनि प्रधानमन्त्री या सभापतिमा आउनसक्नु भएन भने उहाँको अवस्था गुमनाम हुन्छजस्तो कि पहिले हुने गरेको पाइन्छ। अहिलेसम्म गणेशमानजी, किसुनजीले समेत पार्टीबाट अलग भएको घोषणा गर्नुभएको इतिहास छ। त्यस्ता धेरै प्रजातान्त्रिक सेनानीलाई इतिहासको गर्भमा विलीन गराइसकेर आजको यो बेथिति देखिएको हो।

मुलुकको बेथितिमा प्रमुख भागिदारका रूपमा कांग्रेसलाई सबैले लिन्छन्। संविधान बनाएर पनि त्यसको जस लिन नसक्दा र हिजोकै गलत प्रवृत्ति दोहोरिने कारकतत्त्वका रूपमा आगामी महाधिवेशन पनि जोडिने भएकाले कडा समीक्षाको जरुरत छ कि आजको यो अवस्था ल्याउनमा कोको कति जिम्मेवार छन् ?

आखिर नेपाली कांग्रेसबाहेक कसैले लोकतन्त्रका बारेमा बोल्दोरहेनछ। संवैधानिक प्रणालीलाई आत्मसात् गर्दोरहेनछ। त्यसैले, लोकतान्त्रिक प्रणाली र आस्थाप्रतिको अविचलित यात्रामा यो महाधिवेशनले कोसेढुंगाको काम गरोस्, समय बाँकी छ। अरू समीक्षा सामयिक रूपमा हुने नै छ। राष्ट्र र लोकतन्त्रप्रतिको माया नै १३औं महाधिवेशनको नारा बनोस्, लक्ष्य बनोस् र आपसमा लडाईं गर्ने यदुवंशी पाराको अन्त्य होस्। विषयमा बहस र निष्कर्षपछि एकता यही नै लक्ष्य र उपलब्धि बनोस्।

तर, अवस्था यति दयनीय छ कि कोही कसैको अनुशासनमा बस्न तयार छैन। दलको अनुशासन कस्तो हुन्छ भन्ने कुरा हामीले साम्यवादीहरूसँग सिक्नुपर्छ र दलमा कति स्वतन्त्रता हुन्छ भन्ने कुरा हामीले लोकतान्त्रिक दलहरूसँग सिक्नुपर्छ। दुवैको सम्मिश्रणबाट एउटा प्रजातान्त्रिक समाजवादी दलको स्थिति अवलोकन गर्न पाइन्छ। कांग्रेसमा अबका दिनमा नीति र नेताको दुवैको अवस्थिति तुलनात्मक रूपमा सन्तुलनकारी होस्। अब, नीतिप्रधान भनेर तुलसी गिरीलाई नेतृत्व दिन पनि सकिँदैन र नेताप्रधान भनेर व्यवस्थापकीय प्रमुख अन्तर्वार्ताबाट रोज्न पनि सकिँदैन। आखिर हामीसँग भएका यिनै नेतामार्फत नै दल र दलमार्फत नै देश सञ्चालन गर्ने हो।

नेपालको अहिलेको अवस्थामा कांग्रेस मात्र समस्या समाधानका लागि प्रमुख पात्र देखिएको छ। आपसमा बसेर पदको र भावी दिनका नेतृत्व मिलाउन सके सुनमा सुगन्ध हुने थियो भनेर पर्यवेक्षकहरू मान्छन्। यो दायित्व पौडेल र देउवा दुवैको हो जसले आफ्नो दल मात्र होइन कि नयाँ संविधानको कार्यान्वयन गर्न सबैसँग मिलेर काम गर्ने वातावरण बनाउन सकियोस्। हार्ने र जित्ने खेलमा भन्दा दुवैले जित्ने खेलमा लाग्नु मनासिब हुनेछ।

# ओझेलमा वैचारिक बहस



■ राजु पौडेल

**विकेन्द्रीकरणको मान्यताका पक्षपाती बीपीको राजनीतिक दर्शनमा आधारित राज्यको प्रशासनिक संरचनाले अहिले यु-टर्न लिएको छ । अब राज्य विकेन्द्रीकरण होइन, संघीयतामा गइसकेको छ । राजसंस्थाले सम्मानजनक बहिर्गमन रोजिसकेको छ । आफ्नो मौलिक राजनीतिक दर्शनमा यत्रो आमूल परिवर्तन हुँदासमेत वैचारिक बहसमा कांग्रेस केन्द्रित हुन नसक्नुले कांग्रेस कतै विचारशून्य भएको त होइन भन्ने शंका उब्जाइदिएको छ ।**

अहिले नेपालका छापा, डिजिटल र विद्युतीय मिडिया कांग्रेस महाधिवेशनमय भएका छन्। त्यसो त आसन्न १३औं महाधिवेशनमा होमिएको कांग्रेससँग सम्बन्धित धेरै समाचारले प्राथमिकता पाउनु स्वाभाविक पनि हो। देशको जेठो र पछिल्लो आवधिक निर्वाचनबाट पहिलो बन्न सफल पार्टीको महाधिवेशन सरगर्मीले मिडियामा हेडलाइन पाउनु अन्यथा होइन। तर, उदेकलाग्दो अवस्था के छ भने कहीं पनि कांग्रेस पार्टीको आन्तरिक शक्ति संघर्षमा वैचारिक बहस भएको पाइँदैन। नेतृत्व हत्याउने समीकरणमा बढ्ता प्रभाव जमाउने गुटउपगुटको राजनीति समाचारका मुख्य शीर्षक छन्। पुरानो राजनीतिक धारको नेतृत्व गर्दै आएको कांग्रेससँग खारिएको विचार विद्यमान हुन सक्छ। यद्यपि, खारिएको विचारभन्दा समयानुकूल परिवर्तन र त्यो परिवर्तनसँग मिल्दोजुल्दो वैचारिक धरातल सतहमा प्रकट हुनु समग्र कांग्रेस संगठनका लागि अहिलेको आवश्यकता हो।

यहाँ मात्र होइन विश्वमा नै देशका नागरिकलाई राज्यसँग जोड्न समन्वयकारी भूमिकामा राजनीति परिभाषित छ। कांग्रेस आफैंले देशका नागरिकलाई रैतीको दर्जाबाट सार्वभौम नागरिकमा रूपान्तरण गर्ने अत्यन्तै महत्त्वाकांक्षी राजनीतिक परिवर्तनको नेतृत्व गरेको छ। परिवर्तनको नेतृत्वमा सफलता पनि हासिल गरेको छ। यस ऐतिहासिक उपलब्धिको श्रेयस्वरूप कांग्रेसले पटकपटक राज्यसत्ताको स्वाद चाखिसकेको छ। तर, आफू राज्यसँग जोडिन नागरिकले चुनेको कांग्रेस पटक पटक नै असफल भएको छ। फलतः अहिले बजारमा एक स्वाधीन राष्ट्रका नागरिकको पराधीन पीडा पोखिएको छ। पोखिनुभन्दा अगाडि पीडा भरिएर छताछुल्ल हुनुपर्छ। त्यो छताछुल्ल हुने समयावधि पूरै कांग्रेस सत्ता वा सत्ता राजनीतिको वरिपरि नै घुमेको छ। यदि, वैचारिक राजनीतिमा कांग्रेस पोख्त हुन्थ्यो भने यो पीडा सन् ९० कै दशकमा समाधान भइसकेको हुने थियो।

**कांग्रेस संगठनको बिरासत**

'इमानदार र निष्ठावान् कार्यकर्ता' पहिलो जवाफ सम्भवतः सबैको यही हुनेछ। कांग्रेससँग आज पनि गाउँगाउँमा यस्ता इमानदार कार्यकर्ता छन् जसलाई समुदायका सदस्यले सुखदुःखमा झट्ट सम्झिन्छन्। तिनै कार्यकर्ताले आवधिक निर्वाचनमा एक भोट रूखमा है भन्दा त्यही सुखदुःखको ऋण स्वस्तिक चिन्हले भुक्तान गर्छन्। चुनाव चिह्न रूखले बटुलेको सुविधाजनक बहुमत, ठुलो पार्टी वा प्रमुख प्रतिपक्षको मान्यता प्रदान गर्ने स्वस्तिक छापको पछाडिको रहस्य यही हो। यो रहस्यलाई कांग्रेसले कहिल्यै संरक्षण गर्न सकेको छैन। कांग्रेस संगठनले विचार हुर्काउन सकेको भए आज वैचारिक बहसमा केन्द्रित हुनुपर्ने कांग्रेस महाधिवेशन छुट्टाछुट्टै सम्पर्क कार्यालयमा समिति हुनुपर्ने थिएन।

दोस्रो बीपीसँग जोडिएको ब्रान्ड। सडकमा भेटिने प्रतिपाँच बटुवालाई सोध्नुहोस्, कम्तीमा तीमध्ये तीन बटुवालाई बीपीको नाम मात्र होइन उनले परिकल्पना गरेको राजनीतिक प्रणाली आज पनि कण्ठस्थ छ। यस्तो बहुआयामिक व्यक्तित्वलाई कांग्रेसले उपयोग गर्ने अधिकार र अवसर दुवै पायो। बीपीले परिकल्पना गरेको प्रजातान्त्रिक समाजवादकै तुलनामा अन्य मौलिक राजनीतिक दर्शन प्रतिपादन भएका छैनन्। परम्परागत समाजको परिवर्तनमा संघर्षशील जीवन व्यतीत गरेका राजनीतिक घरानामा बीपीको त्यही प्रजातान्त्रिक समाजवादको परिकल्पना सवार छ। आस्थाको नशाले त्यो परिवारका सदस्यलाई स्वस्तिक छाप रूखमै लगाउन प्रेरित गरिरहन्छ। जस्तोसुकै कमजोर सांगठनिक धरातलमा भए पनि कांग्रेसको बिरासत धान्ने यिनै हुन्। यी न त पार्टीको आन्तरिक प्रशिक्षणले शिक्षित-दीक्षित छन् न त अध्यावधिक




वैचारिक छलफलले। आस्थामा आधारित राजनीतिको लाभ उठाइरहन पाएको आकांक्षी नेतृत्वले यो सुविधाजनक अभ्यासलाई गुटउपगुटमा दुरुपयोग गरिरहेको छ।

**किन आवश्यक छ वैचारिक बहस ?**

बीपी दर्शनलाई गहिराइमा पुगेर अध्ययन गर्ने जो कोही पनि यो निष्कर्षमा पुग्नेछन् कि, २०१७ अघि र २०१७ पछि उनको राजनीतिक दर्शनमा व्यापक भिन्नता छ। समाज रूपान्तरणको मौलिक सोचमा सरकारको नेतृत्व गरेपछि वा आफू प्रधानमन्त्रीबाट अपदस्त भएपछि अर्थात वि.स. २०१७ पछाडि बढ्ता केन्द्रित भएका छन्। यति हुँदा पनि राजसंस्थाविनाको राजनीतिक परिपाटी परिकल्पना गरिएको छैन। जनताबाट निर्वाचित प्रतिनिधिले संविधानसभाबाट नै संविधानको निर्माण गर्ने परिकल्पना गरे पनि संघीय राज्य संरचनाको परिकल्पना कहीं कतै भेटिँदैन। केन्द्राधीनस्थ राज्य प्रणालीले देशका नागरिकलाई राज्यसँगको पहुँच दुर्बल बनायो यसलाई परिवर्तन गरेर विकेन्द्रीकरण गरिनुपर्छ भन्ने मान्यताका पक्षपाती बीपीको राजनीतिक दर्शनमा आधारित राज्यको प्रशासनिक संरचनाले अहिले पूर्णतः यु-टर्न लिएको छ। अब राज्य विकेन्द्रीकरणमा होइन, संघीयतामा गइसकेको छ। राजसंस्थाले सम्मानजनक बहिर्गमन रोजिसकेको छ। आफ्नो मौलिक राजनीतिक दर्शनमा यत्रो आमूल परिवर्तन हुँदासमेत वैचारिक बहसमा कांग्रेस केंद्रिनेत हुन नसक्नुले कांग्रेस कतै विचारशून्य भएको त होइन भन्ने प्रशस्त शंका उपशंका उब्जाइदिएको छ।

स्थानीय बुथबाट क्षेत्र, क्षेत्रबाट जिल्ला र जिल्लाबाट केन्द्रको बुथमा प्रतिनिधित्व गर्दै आएका निष्ठावान् प्रतिनिधि कांग्रेस कार्यकर्तालाई आज पनि निर्वाध रोज्ने छोड्ने अधिकार हुने यदि हो भने धर्मनिरपेक्षता र संघीयताको पक्षमा मुस्किलले २० प्रतिशत प्रतिनिधि मत प्राप्त हुनेछ। लाग्छ, राजसंस्थाका बारेमा समेत कांग्रेस पार्टीको आन्तरिक मत विभाजन त्यो बेला बढ्दा रोमाञ्चकारी हुनेछ। यस्तो दर्शनले स्वप्रशिक्षित कार्यकर्ताले थामिएको पार्टीको केन्द्रीय वा उच्च नेतृत्वले लिएको यस्तो आत्मघाती निर्णयको स्पष्टीकरण अगुवा कार्यकर्ता, शुभचिन्तक वा आममतादाताले कहिले पाए ? यस्तो अन्योलका बीच हुन लागेको तेह्रौं महायज्ञमा वैचारिक बहसको उठान र सम्बोधन हुनुपर्ने समयमा उच्च नेतृत्व पार्टीको उपल्लो पद वा पदाधिकार हत्याउने होडबाजीमा लागेको देख्दा नेपालको राजनीतिक चेतनाको बजार अन्योलमा परेको छ।

बीपीले भनेका छन्, 'इतिहासलाई चलाउने कुराको अर्थ हो, आर्थिक प्रक्रियालाई झिकिदिने हो भने समाज बन्दैन।' कम्तीमा कांग्रेस तेह्रौं महायज्ञको बुथमा सहभागिता जनाउने अगुवा प्रतिनिधि कांग्रेस कार्यकर्ताले एकपटक बीपीको समाजवादी अर्थनीति पुनः अध्ययन गरुन्! आमनागरिकलाई रैतीबाट सार्वभौम बनाउन सफल बीपीको राजनीतिक दर्शन देश र देशका नागरिकलाई आर्थिक रूपमा स्वतन्त्र बनाउन किन असफल भयो ? नागरिकको आधारभूत आवश्यकताका क्षेत्रलाई निर्वाध निजीकरण गर्नुपर्छ भन्ने एक शब्द बीपीको समाजवादी अर्थनीतिमा कहीं कतै भेटिँदैन तर, त्यही अभ्यास गरिँदै आयो। राज्य वा सरकार आफैंले व्यापार गर्नुहुँदैन तर नागरिकका आधारभूत आवश्यकताका क्षेत्रमा निहित धनाढ्य व्यक्तिको नियन्त्रण वर्जित हुनुपर्छ। बीपीको यो मान्यताविपरीत भएको निर्वाध निजीकरणले अत्यन्तै महँगो शुल्क भुक्तान गरेर आधारभूत आवश्यकताका सेवा लिन तिनै आमउपभोक्ता बाध्य छन् जसले स्वस्तिक चिह्न रूखमाबाहेक अन्यत्र लगाउन अप्ठ्यारो मान्छन्। बदलिँदो परिस्थितिमा देशको मात्र होइन बफादार कांग्रेस कार्यकर्ता, शुभचिन्तक वा आममतादाताको आर्थिक स्वतन्त्रता वा समृद्धिको मुद्दा टड्कारो समस्या बन्दै गएको छ। अब कांग्रेसको भावी राजनीति अर्थराजनीतिक प्रणालीसँग जोड्ने कि नजोड्ने ? वैचारिक बहसको थलो यही महाधिवेशन हुनुपर्छ।

**कांग्रेससँगको स्वाभाविक अपेक्षा**

बूढो कांग्रेसको वजन घटबढ भइरहन्छ। समुदायका सदस्यको विश्वासमा पनि उतारचढाव प्रस्टै देखिएको छ तर भरोसा विचलित भएको छैन। राजनीति देश र जनताका लागि हुने भएकाले स्थायी भनेको देश हो। अनुभवजन्य स्वाधीनताको स्वाद नेपाल र नेपाली जनताले चाख्न पाएका छैनन्। यसमा कांग्रेस बढ्ता दोषी छ। यस्तो मौलिक स्वाद राजनीतिक स्थिरताले मात्र प्राप्त हुन सम्भव छ। सन् २००८ सम्म संसारकै गरिवतम राष्ट्रको सूचीमा सूचीकृत इथियोपियाको पछिल्लो आर्थिक उन्नतिको मुख्य कारण इथोपियन नागरिकले प्राप्त गरेको पछिल्लो राजनीतिक स्थिरता नै हो। राजनीतिक, भौगोलिक, सामाजिक र प्राकृतिक साधन स्रोतको प्रचुरता एवं उपयोगका दृष्टिले इथियोपिया र नेपाल एकआपसमा मिल्दाजुल्दा छन्। सन् २००२ भन्दा अगाडि भएका राजनीतिक अभ्यास र भोकमारीले दसौं लाख नागरिक गुमाएको इथोपियाको आर्थिक उन्नतिमा झल्किने राष्ट्र बनाउने राजनीतिक इच्छाशक्ति नेपालमा अनुकरणीय छ। देशको ठूलो राजनीतिक दल हुनुका नाताले पनि कांग्रेसको काँधमा यसको गुरुत्तर दायित्व थिग्रिएको छ। सत्ता वा सरकारको फेरबदलमा प्रेरित गर्ने प्रेरणामा यो तेह्रौं महाधिवेशनको मैदान अभिमुख हुने छैन। सरकारको स्थायित्व धेरै समस्याको निधानमा मुख्य जिम्मेवार मानिन्छ।

देशले पर्याप्त राजनीतिक स्वतन्त्रता प्राप्त गरिसकेको छ। प्राप्त स्वतन्त्रताको उपयोगमा नागरिक स्तरमा आर्थिक समुन्नति आवश्यक मानिन्छ। संस्थागत उत्पादनशील उद्यमशीलताद्वारा खेर गएको देशको श्रमलाई आकर्षित गर्न निकै ढिलो भइसकेको छ। देश समृद्धिको मार्ग मानिने यस्ता आर्थिक क्रियाकलापमा अबको कांग्रेस चिन्तन प्रस्ट हुनुपर्छ। उल्लिखित नीतिगत अस्पष्टताका अतिरिक्त देशको आर्थिक समुन्नतिमा कांग्रेस महाधिवेशनले स्पष्ट दृष्टिकोण सिंगो पार्टी पंक्ति र राष्ट्रलाई बुझाउन सकोस्। यसैमा कांग्रेसको भावी राजनीतिक भविष्य सुरक्षित हुनेछ।

*twitter M @rajupaudel44*

# मेरो काम महाधिवेशनसम्म संस्थापन पक्षलाई सहयोग गर्ने हो


तस्बिर : द्वारिका काफ्ले / राजधानी

डा. मीनेन्द्र रिजाल, प्रचार विभाग प्रमुख, नेपाली कांग्रेस

- संविधानलाई स्वीकार नगरेकालाई पनि सहमतिमा ल्याउन प्रयास गर्छौं
- संविधान जारी गर्ने क्रमसँगै हाम्रो भारतसँगको सम्बन्ध बिग्रियो
- जनताको लोकतन्त्रको चाहनालाई स्वीकार गर्दै विकासलाई गाउँकेन्द्रित गरेर अघि बढ्छौं ।
- सुशील कोइराला नेतृत्वको सरकारका पालामा ३० ओटा पाँचतारे होटलमा लगानी ल्याउने योजना बनेको थियो ।
- देउवाले नेतृत्व गर्नुपर्छ भन्ने मान्यता राख्नेहरू एकढिक्का भएर लाग्नुभएको छ ।
- दीर्घकालीन रूपमा पुनर्निर्माणको काम बाँकी छ ।

**० तपाईं प्रचार विभागको प्रमुख हुनुहुन्छ, महाधिवेशनको प्रचारको काम कसरी अघि बढिरहेको छ ?**

- यसपाली सहरको सुन्दरतालाई ख्याल गर्दै वालपेन्टिङ गर्दैनौं । होडिङबोर्ड, फ्लेक्स प्रिन्ट र ब्यानर राख्ने काम भइरहेको छ, स्वागतद्वार बन्दै छन् । हामीले तीन किसिमका स्वागतद्वारबनाएका छौं । एउटामा हाम्रा ५ जना नेताको तस्बिर र सबै महाधिवेशन प्रतिनिधिलाई स्वागतको स्वागत, अर्को पार्टीको झन्डा र चुनावचिह्नसहित 'सुशीलको नेतृत्वमा बनायौं संविधान, समृद्ध राष्ट्र निर्माण हाम्रो अभियान' भन्ने नारा उल्लेख छ र तेस्रो सुशील कोइरालाको ठूलो तस्बिरसहित नारा र महाधिवेशन सफल पारौं भन्ने होडिङबोर्ड बनाएका छौं ।

त्यस्तै, हामीले सम्झनामा सुशील कोइराला भनेर स्मारिका, 'संसद्मा बीपी कोइराला' भनेर बीपी कोइराला प्रधानमन्त्री भएका बेला संसद्मा भएका छलफलका तस्बिरसहितको सानो पुस्तक प्रकाशन गर्ने, महाधिवेशनको बिचमा बुलेटिन र महाधिवेशन सकिएपछि स्मारिका छाप्ने प्रचलन छ । यसपटक पनि छाप्छौं र रेडियोमा विज्ञापन बजिरहेको छ । यसपटक हामीले टेलिभिजन प्रयोग गर्दैनौं । काग्रेसको महाधिवेशनबारे यसै यति धेरै प्रचार भइरहेको छ । पार्टीको महाधिवेशन भइरहेको छ भन्ने प्रचार बाहिर जाओस् । काठमाडौंमा महाधिवेशन गर्दै छौं । काठमाडौंमा बस्ने सबैले नेपाली कांग्रेसको महाधिवेशनबारे थाहा पाऊन् र सबैको जनजीवन सहज होस् भन्ने सचेततासहित हामी प्रचार अभियानमा छौं ।

**० उम्मेदवारहरूको प्रचार भड्किलो र बढी भइरहेको जस्तो छ नि ?**

- उम्मेदवारहरूको प्रचार त हामीले भन्दा पनि सञ्चारमाध्यमले बढी गरिरहेका छन् । समाचार लेख्न रोचक हुने भएकाले पनि उम्मेदवार केन्द्रित देखिन्छन् । उम्मेदवारको प्रचार बाक्लो नै भइरहेको छ तर निर्वाचन भनेको लोकतन्त्रको सुन्दर पक्ष पनि हो ।

झन्डै ३२ सय महाधिवेशन प्रतिनिधि वडादेखि चयन भएर आएका छन् । यो क्रममा स्वाभाविक रूपमा कसले नेतृत्व दिन्छ पार्टीलाई, कस्तो नेतृत्व खाली एउटा पदका लागि भन्दा पनि सबै पदमा प्रतिस्पर्धा हुने र यसले नै पार्टीको प्रभावकारिता देखिने भएकाले पनि उम्मेदवारको प्रचार हुनु स्वाभाविक हो ।

**० महाधिवेशनपछि कांग्रेसले कस्तो नीति तथा कार्यक्रमसहित अघि आउँछ ? कांग्रेसलाई कस्तो देख्न पाइनेछ ?**

- २००३ सालमा पार्टी गठन भयो, ००६ सालमा बीपी कोइरालाले जनतालाई क्रान्तिमा आउन आह्वान गर्नुभयो । उहाँले क्रान्तिपछि नेपालको संविधान जनताका प्रतिनिधिले बनाउनेछन् भन्नुभयो । उहाँले गरेको वाचा पूरा गर्न ६६ वर्ष लाग्यो । अहिले थुप्रै कठिनाइ, बलिदानीपूर्ण संघर्ष, आरोहअवरोह पार गर्दै अहिले संविधानसभाबाट लोकतान्त्रिक संविधान जारी भएको छ । हामी सम्झिन चाहन्छौं बीपी कोइराला, गणेशमान सिंह, सुवर्णशमसेर, कृष्णप्रसाद भट्टराई गिरिजाप्रसाद कोइरालालाई । हाम्रो पार्टी निर्माणका क्रममा महेन्द्रनारायण निधि, शैलेजा आचार्य, भीमबहादुर तामाङ, मंगलादेवी सिंह, रामनारायण मिश्र, योगेन्द्रमान शेरचन, तुलसा हेम्रोङ, नोना कोइराला, धनमानसिंह परियारलगायतका सयौंको त्याग, बलिदानबाट सम्भव भएको हो ।

यहाँसम्म आइपुग्न नेताहरूले गर्नुभएको संघर्षलाई सम्मान गर्दै यो यात्रालाई अघि बढाउनका लागि प्रबल मतका साथ संविधान जारी भयो । यही संविधानलाई स्वीकार गरेका र नगरेकालाई पनि सहमतिमा ल्याउन प्रयास गर्छौं । दोस्रो संविधान जारी गर्ने क्रमसँगै हाम्रो भारतसँगको सम्बन्ध बिग्रियो, त्यसपछि नाकाहरु बन्द भए, मधेस आन्दोलन भयो, अति आवश्यकीय वस्तुको अभाव भयो । हामी त्यो चिसिएको सम्बन्धलाई राम्रो बनाउनु छ । दीर्घकालीन रूपमा पुनर्निर्माणको काम बाँकी छ । भूकम्पले छियाछिया भएको र तहसनहस भएका जनतालाई राहत र पुनर्निर्माणको कामलाई सुरु गर्न सकेका छैनौं त्यसलाई अगाडि बढाउने चुनौती पनि उत्तिकै छ । महाधिवेशनमा यी छलफलका विषय बन्छन् ।

२०१६ सालमा बीपी कोइरालाले १५ वर्षभित्रमा हरेक नेपालीको जीवनस्तर मेरो जत्तिको बनाउँछु, म मध्यमवर्गको मान्छे हुँ मलाई आफ्नो सामान्य आवश्यकता पूरा गर्न केही कठिनाइ छैन भन्नुभयो । तर, उहाँलाई हटाइयो, विकास निर्माणका काम अवरुद्ध भए । २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात पूर्वाधार निर्माणको काम सुरु भएको छ । यसलाई बलियो रुपमा अघि बढाउनु छ । यसका लागि जलबिद्युत विकास आवश्यक छ । हामीले एउटा सानो जलविद्युत् आयोजना निर्माणको सय वर्षपछि पनि लाज मान्नुपर्ने अवस्था छ । ठूला जलविद्युत् आयोजना निर्माण गर्न सकेका छैनौं । जसले गर्दा हरेक दिन जनलाले कठिनाइपूर्ण जीवन निर्वाह, लोडसेडिङको मार खेप्नुपरेको छ ।




हाम्रो पर्यटनको सम्भावना बलियो छ । तर, राजनीति बलियो नभएका कारण सकिरहेका छैनौं, अन्तर्राष्ट्रिय विमानस्थल बन्न सकेका छैनन्, सुशील कोइराला नेतृत्वको सरकारका पालमा ३० ओटा पाँचतारे होटलमा लगानी ल्याउने योजना बनेको थियो । तर, राजनीतिक वातारण बिग्रदा संविधान बनाउन लागियो, त्यससँगै मधेस आन्दोलन आदि विविध कारणले सकिएन । पर्यटनको आधार खडा गर्ने हो भने यसले सहरदेखि गाउँसम्मका जनताको सम्वृद्धिको आधार ल्याउन सक्थ्यो । जडीबुडीको विकास गर्न सकियो भने त्यसले जीवनस्तर सुधार गर्न सहयोग पुग्छ । कृषिमा अन्नसँगै नगदेबालीमा जोड दिन कृषिमा व्यवसायीकरण, कृषि ऋणलगायतको व्यवस्था गर्न सकिन्छ ।

हामीले नेपालमा नै लगानीको वातावरण बनाउँनु छ । पूर्वाधार विकासका लागि दातृ निकायको लगानी आकर्षित गर्ने, नेपाली जनताको लगानी गर्ने क्षमताको उपयोग आदि सबैलाई प्रयोग गरेर अब देशलाई समृद्धिको यात्रामा अघि बढाउँन सकिन्छ । त्यसका लागि ठोस राजनीतिक आधार बनेको छ । संविधान बनेकोछ । अब जनताको लोकतन्त्रको चाहनालाई स्वीकार गर्दै विकासलाई गाउँकेन्द्रित गरेर अघि बढ्छौं । महाधिवेशनको मुख्य एजेन्डा यो पनि हो । अब यसलाई नेतृत्व गर्न सक्ने नेता महाधिवेशनबाट चयन गर्छौं ।

**० यी सबै कार्यको नेतृत्व गर्न सक्ने नेतृत्व खोज्दै हुनुहुन्छ होइन, यतिबेला ?**

- नेतृत्वमा मैलो मैले यो वा त्यो भन्नु उपयुक्त हुँदैन । हामी अहिले निर्वाचनको प्रक्रियामा पुगिसकेका पनि छैनौं । उम्मेदवारका रूपमा अघि आउनुभएका सबैजना उम्मेदवार नहुनुहोला पनि । यति म भन्छु कि म संस्थापन पक्षको नेता भएका कारण संस्थापन पक्षको नेताले नै जित्नुपर्छ भन्ने मेरो मान्यता हो । हामी संस्थापन पक्षबाट एउटै उम्मेदवार बनाउने प्रयासमा छौं । योभन्दा भन्दै पनि म फेरि भन्छु, जसले जिते पनि कांग्रेसकै नेता आउने, हो मैले जिते पनि मेरो साथीले जिते पनि कांग्रेसले नै जित्ने हो । त्यसैले, मैले अहिले व्यक्तिको नाम लिन्नँ ।

**० के संस्थापन पक्षबाट एउटै उम्मेदवार बन्ने सम्भावना अझै छ ?**

- त्यो हुन्छ भन्ने विश्वासका साथ हामी काम गरिरहेका छौं । एउटै उम्मेदवार बनाउने प्रयासमा छलफल भइरहेको छ । कसरी हुन्छ भन्ने म भन्दिनँ तर सभापतिका आकांक्षी नेतासँग कुराकानी भइरहेको छ । अहिले १३ औं महाधिवेशनपछिको कांग्रेसलाई संस्थापन पक्षकै नेताले नेतृत्व गर्नुपर्छ भन्ने मान्यता राख्नेएक हुनुपर्छ । जस्तो देउवाले नेतृत्व गर्नुपर्छ भन्ने मान्यता राख्ने एक ढिक्का भएर लाग्नुभएको छ । यो नै लोकतन्त्रको सुन्दरता हो । यो नेता हुनुपर्छ भनेर प्रतिस्पर्धा गर्न सकियोस, यो देशको सबैभन्दा ठूलो र पुरानो पार्टी कांग्रेसको निर्वाचनलाई अभिरुचिपूर्वक नै हेरेका छन् । यसले देशको सिंगो राजनीतिलाई नै प्रभावित पार्छ ।

**० तपाईको भनाइअनुसार देउवासँग संस्थापन पक्षका एक नेताले सभापतिका लागि लड्नुहुन्छ ?**

- हामी संस्थापन पक्षबाट एउटा उम्मेदवार बनाउँछौं । तर, यससँगै म अर्को कुरा के भन्न चाहन्छु भने महाधिवेशनपछि कांग्रेस यो पक्ष वा त्यो पक्षभन्दा पनि एकताबद्ध भएर जानुपर्छ । यो पार्टी एकताबद्ध भयो भने मात्रै देशका राजनीतिलाई एकताबद्ध गर्न सकिन्छ । जस्तो संविधान बनाउने बेलामा सहमति, सहकार्य र एकताका आधारमा एक भावबाट सम्भव भयो । त्यस्तै समृद्ध राष्ट्र निर्माणको एजेन्डामा पनि सबैलाई एकताबद्ध बनाएर लैजान सकियोस् ।

**० यसपटक तपाईंको दाबीचाहिँ केमा हो ?**

- अब यसपटक विधान संशोधन भएन । म पहिले जुन पदमा लडेको थिएँ त्यसैमा लड्नुपर्छ होला ।

**० भनेपछि खुला केन्द्रीय सदस्यमा तपाईंको दाबी हो ?**

- हो ।

**० अघिल्लो महाधिवेशनमा देउवा पक्षबाट लड्नुभएको थियो पछि संस्थापनमा जानुभयो । जितेको नेतालाई सहयोग गर्ने भन्नुभएको थियो । अब देउवाले जित्नुभयो भने के कता लाग्नुहुन्छ ?**

- मलाई लाग्छ अहिले पनि संस्थापन पक्षको नेताले सभापति जित्नुहुन्छ । महाधिवेशनसम्म संस्थापन पक्षका नेतालाई सहयोग गर्ने मेरो काम हो । म अहिले यही अभियानमा छु ।

**० कांग्रेसभित्र यतिबेला मुलुकमा कम्युनिस्टको बाहुल्य बढ्दै गएको बढी चिन्ता र चासो देखिन्छ, महाधिवेशनमा पनि एजेन्डाकै रूपमा अघि आउँछ भन्ने छ कसरी उठ्छ यो एजेन्डा ?**

- पहिले हामी बलियो हौं अनि त्यसलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने सोच्ने कुरा हो । तर, अहिले कम्युनिस्टसँग लड्नेभन्दा सहमति, सहकार्य र एकताका आधारमा समृद्ध राष्ट्र निर्माणका लागि अघि बढ्ने हो । त्यसका लागि न्यूनतम सहमति आवश्यक छ । यसको अर्थ सहमतिको सरकार होइन । लोकतन्त्रमा बलियो सरकार हुन्छ, त्यसकै हाराहारीको विपक्षी हुन्छ । जो जहाँ भए पनि मुख्य गरी मुलुकको विकास कसरी गर्न सकिन्छ भन्ने विषयमा दलबीच मोटो सहमति र मसिनो गरी त्यसको कार्यान्वयन गर्नुपर्छ ।

**० बीपी कोइरालाले जुन कार्यक्रम ल्याउनुभयो, कांग्रेस अहिले पनि त्यही परिस्थितिमा छ । देश भने बीपीकालभन्दा धेरै अघि बढेको छ, अब संघीयतामा कांग्रेसको यही नीतिले कसरी सम्बोधन गर्ला ?**

- बीपी कोइराला जडसूत्रवादी हुनुहुन्नथ्यो । उहाँको देहावसनका ३३ वर्षपछि हामीले हेर्दा पनि बीपी कोइराला जडसूत्रवादी हुनुहुन्थ्यो भन्ने कुरा पुष्टि हुँदैन । मूल कुरा उहाँ लोकतान्त्रिक समाजवादी हुनुहुन्थ्यो । नेपाली जनताको आर्थिक अवस्था उहाँको बराबर बनाउने र आर्थिक समृद्धिको बाटो उहाँको हो । हामीले पनि यसैका लागि रोजेको बाटो गणतन्त्र, संघीयता, समाजवाद, समावेशिता रोजेका हौं । आज बीपी हुनुभएको भएपनि यही गर्नुहुन्थ्यो होला भन्ने सोच्यौं हामीले पनि त्यही गरेका हौं । अब समृद्धिको यात्रामा पनि हामीले बीपीलगायत देशलाई यो अवस्थामा ल्याउन योगदान दिने सबै खाले आन्दोलनका नेतालाई समेत सम्झिएर अघि बढ्छौं । अहिलेको काँग्रेसको नीति तथा कार्यक्रमले त्यसलाई प्रतिबिम्बित गरेको छ ।

**प्रस्तुति : भुवन शर्मा, केशरमणि कटुवाल**

# अत्यावश्यक मुख स्वास्थ्य



■ डा. प्रकाश बुढाथोकी

मानिसले स्वादिष्ट र पौष्टिक भोजनबाट तब मात्रै सन्तुष्टि लिन सक्छ जब दाँतमा कुनै खराबी हुँदैन । रोगी दाँतले राम्ररी चपाउन नसकेका कारण भोजन पच्न गाह्रो भई त्यसको प्रभाव सोझै पाचन प्रणाली र स्वास्थ्यमा पर्छ । दाँत तथा गिजाको विकार रगतमा मिसिई कोलिसिस्टाइटिस, जोर्नी र हड्डीका रोग, रक्तचाप, रक्तअल्पता, झाडापखाला, कब्जीयत, पेट, गाला र गला सुन्निने, सब एक्युट ब्याक्टेरियल इन्डोकार्डाटिस, हृदयाघात, मष्तिकघात, मधुमेह तथा पेट, आँखा, ब्लाडर, मृगौला, मुटु, फोक्सो, दिमागलगायतका अंगप्रत्यंगमा रोग हुन सक्छ । गर्भवतीमा गिजा अस्वस्थ भए प्रभाव गर्भस्थ शिशु तथा प्रसव समय र प्रक्रियामा पर्छ ।

चाडबाडमा सधैं गुनासो गर्ने आफन्त भन्छन्, मेरो त दाँतमा आधा किलोजति मासु अड्किन्छ अनि कटकट खान थाल्छ, के गर्ने गाउँघरमा डाक्टर पनि पाइँदैनन् ? मलाई त चाडबाड पनि किन आउँदो हो त्यसैमा घर किन जानपर्दो हो जस्तो लाग्छ । अधबैंसे युवक दाँत दुख्छ, मासु त माकल्याकमुकलुक पारेर निलिन्छ तर निलिसकेको केही मिनेटमा पेट अलि गडयाङगुडुङ गर्न थाल्छ भन्दै गुनासो बिसाउँदै थिए । घरपरिवार र समाजमा यस्ता समस्या बोकिरहेका तथा भएका अनगिन्ती बिरामी भेटिन्छन् । जसलाई भाँडाभरि पाकेको मीठो खानेकुरालले दाँत सम्झेर इन्कार गराउन सक्ने जति पनि पाइन्छन् । बल्लतल्ल भेटेका साथीभाइ, आफन्तसँगको जमघट दुखेको दाँतले ऐयाऐया बनाई खल्लो बनाउन सक्छ । खुलेर हाँस्न पनि च्वास्सच्वास्स दुखेको दाँतले लगाम लगाइदिने गर्छ । लाग्छ, यी चाडबाडको समयमा दाँतलाई स्वस्थ र काम गर्ने अवस्थामा राख्नु भनेको आधा बढी उत्सव मनाइनु वा सफल पार्नुजस्तै हो । हुन त दाँतको महत्त्व हरेक क्षण क्षणमा छ तथापि पटकपटक मीठो र स्वादिलो कुरा खाने, मुसुक्क मुस्कुराउने तथा दिल खोलेर हाँस्ने, सामाजिक जमघटमा निर्धक्क, स्पष्ट बोल्ने र गलल्ल हाँस्नेमा दाँतको महत्त्व झनै प्रस्टिन्छ ।

प्रत्येक गर्भावस्थामा एउटा दाँत झर्ने स्वाभाविक हो भन्ने सोचाइ जति गलत हो त्यति हर्षा, पाइरिया र दन्त सडनमा दाँत ब्रस गर्न छाडेर औंलाले दाँत माझ्न थाल्नु गलत हो । स्तनपान नगराउँदा, मुखबाट शास फेर्दा कुनै समस्या नहुने भन्ने आमधारणा पनि ठिक छैन । यस्तै कारणले अनुहार असामान्य हुने, दाँत र हाडको विकास र बनावटमा समस्या, रक्त अक्सिजनको कमी र पछि गएर उच्च रक्तचाप, मुटुका रोगजस्ता दीर्घकालीन रोग निम्तिएका छन् ।

मुख शरीरको व्यस्त र फोहोरी अंग हो । टाँसिने, प्रशोधित, गुलियो, धेरै तातो, चिसो, अमिलो खाद्यपदार्थ र सुर्ती, पान, सुपारीको प्रयोग गर्नुहुँदैन । भिटामिन बी र सी पाइने टमाटर, अमला, कागती, सुन्तला, अंकुराउँदै गरेका गेडागुडी, मुला, गाजर, बन्दागोबी, सकरखण्डजस्ता रेसादार ताजा फलफूल, हरियो सागपात, दुध, माछाजस्ता सन्तुलित खानाको सेवन गर्नुपर्दछ । सम्भव भए टुथब्रस नभए दतिवन र फ्लोराइड भएको दन्तमन्जन प्रयोग गरी दिनको २ पटक बिहान र बेलुका खानापछि तल माथि गरी दाँत सफा गर्नुपर्छ । अन्य समयमा खाना खानासाथ मुख कुल्ला गर्नुपर्छ । कोइला, बालुवा र खरानीले दाँत सफा गर्नुहुँदैन । दुई दाँतबिचको सतह फलामको पिन, काठले होइन डेन्टल फ्लसको प्रयोग गरी सफा गर्नुपर्छ । बालक दुई वर्ष नपुग्दासम्म सफा कपास पानीले र दुई वर्षको उमेरदेखि नरम ब्रसले दन्त सफा गरिदिनुपर्छ । हामीले खाना खाइसकेपछि दाँतमा चप्किएको खानेकुरा सफा गरिएन भने लेउमा परिणत हुन्छ त्यही लेउ नियमित ब्रस नगरे पत्थर बन्छ ।

के शिक्षित के अशिक्षित, के शिक्षक के विद्यार्थी, के गरिब के धनी सबै वर्गले असह्य पीडा, जटिलता र समस्या नभएसम्म चिकित्सककहाँ पुग्ने चलन छैन । नियमित दन्तपरीक्षण गराउँदा समस्याको प्रारम्भिक अवस्थामा नै समस्या पहिचान भई उपचारमा ७५ प्रतिशत कम खर्च हुन्छ । बालक तीन वर्ष पुगेपछि नियमित दन्तपरिक्षण गराउन सुरु गर्नुपर्दछ र हरेक ६/६ महिनामा दन्त परीक्षण गराउनुपर्दछ । शिक्षक, शिक्षिकाले पनि विद्यालयमा विद्यार्थीले दाँत माझ्ने वा नमाझ्नेको दैनिक अनुगमन गर्नुपर्छ ।

नेपालमा राम्रो काम गर्दा जस नपाउने र नराम्रो काम गर्दा दण्ड पनि भोग्नुनपर्ने वर्तमान स्थितिले दन्तस्वास्थ्य पनि मानवीय सेवाभन्दा दिन प्रतिदिन सहर र पैसामुखी व्यापारतिर द्रुत उन्मुख छ । दुई दर्जन मोफसलका सहरमा दन्त चिकित्सकको उपस्थिति छैन । जिल्ला अस्पतालको कुरै छाडौं, सबै अञ्चल अस्पतालमा समेत दन्त चिकित्सकको उपस्थिति तथा दन्त रोग विभाग छैन । काठमाडौंमा भने अर्ध तथा अदक्षद्वारा च्याउ उम्रेझैं खोलिएका डेन्टल क्लिनिकको बाहुल्य छ, गल्लीगल्लीमा डेन्टल अस्पताल खुलेका छन्, बिरामी तान्न थरीथरीका विज्ञापन प्रचारप्रसार भइरहेका छन् । तैपनि केही बिरामी नपाई झिँगा धपाउन बाध्य छन् । सहर अझै राजधानीमुखी भएकै कारण जिल्ला र गाउँका बासिन्दाले दाँतका उपचार पाउन सकिरहेका छैनन् । सक्ने त २ हजारको उपचार गर्न १२ हजार बढी खर्चंदै राजधानी धाउँछन् । चिकित्सक र चिकित्सा सेवा सहरमुखी छन्, दाँत जँचाउन ठुला सहर र राजधानी धाउनुपर्ने बाध्यता छ । दर्जन डेन्टल कलेज र दर्जनौं हाइजिनिस्ट कलेजबाट वार्षिक हजार जनशक्ति उत्पादन भइरहेका छन् । मुखस्वास्थ्य नीति २०७० कागजमै सीमित छ । अञ्चल,जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्रसम्म विशेषज्ञ, दन्तचिकित्सक र सहायक पुऱ्याउने लक्ष्य त लिएको छ तर गति हेर्दा आकाशको फल आँखा तरी मरसरह नै छ । उपचार र सेवा गाउँस्तरसम्म पुऱ्याउने सोचाइ कसैको देखिँदैन । दन्त चिकित्सक नै स्वास्थ्य सचिव हुँदा पनि झिँगा नमरेको बेला अब झन् के होला ? तथापि सास रहँदासम्म आस भने झैं 'दन्तरोगीका लागि दन्त स्वास्थ्य, सुविधा पहुँचको कमी, जनचेतनाको कमी, महँगो उपचार पद्धतिको रूपमा प्रचलित चिकित्सा, लापरबाही, गलत आमधारणा र नियमित परीक्षणभन्दा रोग लागिसकेर त्यसबाट उत्पन्न हुने दुखाइ, जटिलता र कार्य नाश भए नजिकको औषधि पसलमा औषधि किनेर खाने र ठिक नभएमा मात्र उपचार गराउने हाम्रो बानी र बाध्यता रहिआएको हुनाले रोगीको संख्याको चाप बढेपछि स्वास्थ्य चौकी,अस्पताल खोल्ने र जनशक्ति उत्पादन गर्नतिर लाग्नुभन्दा सो रोगका रोकथामका कार्यक्रमलाई व्यवस्थित रूपमा लागू गराई रोग लाग्ने नराम्रो बानी, अज्ञानता र दूषित वातावरणमै सुधार ल्याउन त्यस देशको स्वास्थ्यनीति र कार्यक्रमले ठूलो भूमिका खेल्छ । यतातिर नेपाल सरकार स्वास्थ्य मन्त्रालयको ध्यान दिनुपर्ने समय ढिलो भइ सकेको छ ।तसर्थ सरकारी क्षेत्रबाट सहि मार्गदर्शन, नीतिगत सहयोग र निरन्तर निगरानीको अति नै खाँचो छ ।

रोगको उपचार गर्नुभन्दा रोग लाग्न नदिनु उत्तम हुन्छ । आत्महत्या गर्न सक्नेसम्मको दुखाइबाट मुक्त रहन, महँगो उपचारबाट राहत पाउन, मुखको रोगका कारणबाट शरीरका प्रणालीमा लाग्न सक्ने विभिन्न रोगहरूबाट ग्रसित नहुन तथा प्रणालीमा भएका रोगलाई निको पार्न, औषधिको आवश्यकता कम गर्नलगायत दाँत तथा मुखका अंगप्रत्यंगलाई अंगभंग हुनबाट जोगाई 'स्वस्थ दाँत, स्वच्छ मुख नै स्वस्थ जीवनको आधार हो,' भन्ने उखानलाई चरितार्थ पार्न आफैंजागरुक हुन जरुरी छ ।

अन्तमा, खाना खानुअघि र पछि हात मुख धुनु जति अनिवार्य छ, खाना खाइसकेपछि ब्रस गर्नु पनि उत्ति नै अनिवार्य छ । सचेत भई १४४० मिनेटको एक दिनमा बिहान खाना खाइसकेपछि ३ मिनेट र बेलुका सुत्नुअगाडि ३ मिनेट मुखको सरसफाइमा दिन सक्यौं भने ९० प्रतिशत मुखका रोगबाट मुक्त हुन सकिन्छ । यदि, रोग लागिसकेमा उपचार गराउँदा विज्ञापनको पछि मात्र नदौडी उपचार गर्ने चिकित्सक सही भए नभएको, प्रयोग गरिने सामान निर्मलीकरण भए नभएको राम्रोसँग ध्यान दिनुपर्छ । अन्यथा, रोगको उपचार गर्न अस्पताल गएकोमा फर्कंदा अपरिवर्तित नोक्सान, जटिलता र हेपाटाइटिस, एचआईभीजस्ता सरुवा, संक्रामक र भयानक रोग बोकेर घर फर्किन सकिन्छ ।

*डा. बुढाथोकी नेपाल चिकित्सक संघका केन्द्रीय सदस्य हुन् ।*

## सेयर बजार

**सोमबार १७ फागुन २०७२ (२९ फेब्रुअरी २०१६)**

| कम्पनीको नाम | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | सेयर संख्या | फरक |
|---|---|---|---|---|---|
| एस डेभलपमेन्ट बैंक लि. | ३९३ | ३८६ | ३९३ | १३७४४ | ६ |
| कृषि विकास बैंक लि. | ५९० | ५८६ | ५८९ | ४७३५ | –१ |
| अल्पाइन डेभलमेन्ट बैंक लि. | ४८० | ४६७ | ४६७ | ७३२ | –९ |
| अपी पावर कम्पनी लि. | ४८३ | ४७१ | ४७१ | ३९१८ | –३ |
| अरनिको डेभलपमेन्ट बैंक लि. | २४२ | २३९ | २४० | ७३६ | –६ |
| अरुणभ्याली हाइड्रोपावर कम्पनी लि. | २९३ | २९० | २९० | २५९७ | –४ |
| एसियन लाइफ इन्स्योरेन्स क. लि. | १३३९ | १३१० | १३३९ | ३४५५ | –६ |
| वरुण हाइड्रोपवार कम्पनी लि. | ३५१ | ३४६ | ३५१ | २० | ६ |
| विराटलक्ष्मी विकास बैंक लि. | ३७८ | ३७८ | ३७८ | ५०० | –४ |
| बुटवल पावर कम्पनी लि. | ५८६ | ५७९ | ५८० | ५३६ | ५ |
| सेन्चुरी कमर्सियल बैंक लि. | ३९० | ३७४ | ३७७ | १८४८९ | –११ |
| छिमेक लघुवित्त विकास बैंक लि. | १९६३ | १८२० | १८७५ | १०२०६ | ९० |
| चिलिमे हाइड्रो पावर कम्पन लि. | १३६० | १३५० | १३६० | २९५५ | –३ |
| सिटिजन्स बैंक इन्टरनेसनल लि. | ६३७ | ६२८ | ६३२ | २३६९१ | –६ |
| सिटिजन्स इन्भेष्टमेन्ट ट्रष्ट | ३७५४ | ३७२० | ३७३० | १६७४ | –२४ |
| सिटिजन्स बैंक इन्टरनेसनल लि.(प्र.) | ३१५ | ३१५ | ३१५ | १०३८ | –५ |
| कसमस डेभलपमेन्ट बैंक लि. | ३८८ | ३८८ | ३८८ | १११ | ७ |
| कन्ट्री डेभलपमेन्ट बैंक लि. | २०७ | २०६ | २०६ | ७८१ | –५ |
| डेप्रोक्स डेभलपमेन्ट बैंक लि. | २३९७ | २१९० | २३२० | ९४२४ | १३० |
| देव विकास बैंक लि. | २१५ | २११ | २१५ | २५९६ | –३ |
| एभरेष्ट बैंक लि. | २४२३ | २४११ | २४२३ | २०३३ | –२ |
| एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | १०४५ | १००७ | १०४० | ८५५२ | २० |
| एक्सेल डेभलपमेन्ट बैंक लि. | ६६७ | ६६७ | ६६७ | १०० | –१३ |
| फेवा विकास बैंक लि. | ४२३ | ४१० | ४१२ | ६७७२ | –१६ |
| फष्ट माइक्रोफाइनान्स बैंक लि. | १००० | ९२० | ९३८ | १४१२६ | २५ |
| गण्डकी विकास बैंक लि. | ३४० | ३३५ | ३३५ | २२८४ | –६ |
| गरिमा विकास बैंक लि. | ३४६ | ३४० | ३४० | ४३२५ | ० |
| ग्लोबल आईएमई बैंक लि. | ४६० | ४५५ | ४६० | ९८४९ | ० |
| गुह्यश्वरी मर्चेन्ट बैंक एन्ड फा.क.लि. | २४० | २३२ | २३२ | ६५० | –११ |
| गुराँस लाइफ इन्स्योरेन्स क. लि. | ६२८ | ६१६ | ६२१ | ८०८ | –१३ |
| हामा मर्चेन्ट एन्ड फाइनान्स लि. | १६९ | १६९ | १६९ | १० | –३ |
| हिमालयन बैंक लि. | १११५ | ११०५ | १११० | ३१६७ | –८ |
| हिमालन जनरल इन्स्योरेन्स क. लि. | ७६५ | ७६५ | ७६५ | ११०० | ० |
| आईसीएफसी फाइनान्स लि. | २६५ | २६३ | २६३ | ९९० | –३ |
| आईएलएफसीओ माइक्रोफा. वि.संस्था लि. | ११०१ | १०२१ | ११०१ | २५६१ | १०० |
| इन्नोभेटिभ डेभलपमेन्ट बैंक लि. | ४१४ | ४०७ | ४०७ | २७२ | –१५ |
| जानकी फाइनान्स लि. | ३६५ | ३३४ | ३६५ | १५५१ | १९ |
| जेविल्स फाइनान्स लि. | १७५ | १७२ | १७२ | ९०० | –३ |
| कालिका माइक्रोक्रेडिट डे. बैंक लि. | १६४७ | १५८० | १५८९ | १६०८ | ३९ |
| कन्काई विकास बैंक लि. | ३५० | ३३० | ३४६ | २५८१ | १७ |
| काष्ठमन्डप डेभलपमेन्ट बैंक लि. | २३४ | २२६ | २२६ | १६२१ | –४ |
| लक्ष्मी बैंक लि. | ६२० | ६०८ | ६११ | ७९९८ | –७ |
| लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | २१६८ | २०५८ | २११५ | १७५३ | ३० |
| लाइफ इन्स्योरेन्स क. नेपाल | ३५५० | ३५०२ | ३५१० | १८०३ | २० |
| लुम्बिनी जनरल इन्स्योरेन्स क. लि. | ६५४ | ६४१ | ६४१ | ६० | –१ |
| महालक्ष्मी फाइनान्स लि. | ३०६ | २९५ | २९५ | ११०० | –१७ |
| महाकाली विकास बैंक लि. | २५० | २५० | २५० | ७१० | ३ |
| मालिका विकास बैंक लि. | ३३९ | ३३३ | ३३५ | ७११ | –१० |
| मनास्लु विकास बैंक लि. | २९८ | २९२ | २९२ | ३०८० | –१० |
| मञ्जुश्री फाइनान्सियल इन्स्टिच्यूसन लि. | २५७ | २५२ | २५२ | ६१२५ | –१० |
| मिर्मिरे माइक्रोफाफाइनान्स डे. बैंक लि. | २७५९ | २६५० | २६५० | २७० | ५० |
| मिथिला लघुवित्त विकास बैंक लि. | १८२२ | १७५२ | १८२२ | ३० | १०४ |
| मुक्तिनाथ विकास बैंक लि. | ८४७ | ८२७ | ८३१ | १०१९३ | १ |
| नबिल ब्यालेन्स फन्ड १ | १५.८२ | १५.८२ | १५.८२ | ११९९ | –0.05 |
| नबिल बैंक लि. | १९२० | १९०० | १९०६ | ५६१२ | –१४ |
| नबिल बैंक लि. (प्र.) | १५१५ | १४९० | १४९५ | ७५३८ | –२० |
| नागबेली लघुवित्त विकास बैंक लि. | ३५१० | ३५१० | ३५१० | १०० | ६० |
| नमस्ते वित्तीय संस्था लि. | ४५८ | ४४४ | ४५० | १२१५ | १४ |
| नारायणी नेशनल फाइनान्स लि. | ३४६ | ३४० | ३४० | ८१९६ | ० |
| नेशनल हाइड्रो पावर कम्पनी लि. | १६५ | १६३ | १६४ | १९७३० | –१ |
| नेशनल लाइफ इन्स्योरेन्स क. लि. | २६४८ | २६२० | २६४० | ४७७० | २० |
| नया नेपाल लघुवित्त विकास बैंक लि. | १५७१ | १५१० | १५१० | ५५० | ० |
| नेको इन्स्योरेन्स कम्पनी लि. | ९९५ | ९८५ | ९९५ | ७०० | –५ |
| नेपाल बंगलादेश बैंक लि. | ५५५ | ५४६ | ५५३ | ३७४७६ | –२ |
| नेपाल बैंक लि. | ३६३ | ३५८ | ३६१ | १९३३६ | –१ |
| नेपाल दूरसञ्चार कम्पनी लि. | ७०३ | ७०० | ७०१ | १०३७५ | –३ |
| नेपाल ग्रामीण विकास बैंक लि. | ५९८ | ५५४ | ५९८ | ३१६४९ | ५४ |
| नेपाल इन्स्यारेन्स कम्पनी लि. | ६६६ | ६५० | ६५० | १२३५ | –३ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. | १०२५ | १००० | १०१० | ४३२३० | –३ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. (प्र.) | ९११ | ८९५ | ९०३ | १६२२८ | –८ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | ३१४० | ३११६ | ३११६ | १६५७ | ५ |
| नेपाल लाइफ इन्स्योरेन्स क.लि.(प्र.) | १८२५ | १८०० | १८२५ | १५००० | २५ |
| नेपाल एसबीआई बैंक लि. | १४०५ | १३९० | १४०० | ३९४६ | –८ |
| नेरुडे लघुवित्त विकास बैंक लि. | २३८६ | २३०० | २३८६ | ३७८४ | ८५ |
| एनआईबीएल स्मृद्धि फन्ड १ | १०.८० | १०.८० | १०.८० | २५०० | –0.10 |
| एनआईसी एसिया बैंक लि. | ७४५ | ७३५ | ७४० | १८२२६ | –१ |
| निर्धन उत्थान बैंक लि. | १८३५ | १७४९ | १८३० | २४११ | ११५ |
| एनएलजी इन्स्योरेन्स कम्पनी लि. | ९१५ | ९०० | ९१५ | ९४९ | २ |
| एनएमबी बैंक लि. | ५३७ | ५३० | ५३७ | १६८०९ | ३ |
| एनएमबी सुलभ इन्भेष्टमेन्ट फन्ड-१ | १२.५७ | १२.५५ | १२.५७ | २४०० | –0.23 |
| ओरियन्टल होटलस् लि. | ४१० | ४०२ | ४०९ | १००१४ | –६ |
| प्रिमियर इन्स्योरेन्स कम्पनी लि. | १०८० | १०५५ | १०६६ | ४१७४ | –१४ |
| प्राइम कमर्सियल बैंक लि. | ५३० | ५१३ | ५२६ | १६६३९ | –१ |
| प्राइम लाइफ इन्स्योरेन्स क. लि. | १६२५ | १६०२ | १६२० | ४४० | १५ |
| प्रुडेन्सीयल इन्स्योरेन्स कम्पनी लि. | ७४८ | ७३२ | ७४६ | ११०८५ | १ |
| राप्तीभेरी विकास बैंक लि. | २३१ | २२७ | २२७ | ८४५ | –४ |
| रिलायवल डेभलपमेन्ट बैंक लि. | ३७५ | ३५८ | ३७५ | १९८०० | १४ |
| रिडी हाइड्रो डेभलपमेन्ट कम्पनी लि. | ४०९ | ४०९ | ४०९ | १० | ८ |
| रुलर माइक्रोफाइनान्स डे.सेन्टर लि. | ९१० | ८४५ | ८८५ | १५३९८ | ४९ |
| सगरमाथा फाइनान्स लि. | २६० | २५५ | २५५ | २२१८ | –६ |
| सगरमाथा इन्स्योरेन्स कम्पनी लि. | ११४० | ११२० | ११२० | २९६ | –३० |
| सहयोगी विकास बैंक लि. | ३५० | ३४८ | ३४८ | २००० | –२ |
| साना किसान विकास बैंक लि. | १७०० | १५९० | १६६२ | ९०२१ | १०३ |
| सानिमा बैंक लि. | ७४१ | ७३० | ७४१ | १२१९८ | १ |
| सानिमा माई हाइड्रोपावर लि. | ८४१ | ८२१ | ८४० | ५६३ | ५ |
| सेवा विकास बैंक लि. | ३१८ | ३१० | ३१२ | ५०३१ | २ |
| सिद्धार्थ फाइनान्स कम्पनी लि. | १७५९ | १७०१ | १७३५ | ५४८२ | १० |
| सिद्धार्थ फाइनान्स लि. | २१६ | २१२ | २१५ | ४४३४ | –१ |
| सिद्धार्थ इक्युटी ओरिन्टेड स्किम | ११.०७ | ११.०७ | ११.०७ | ७६६७ | 0.07 |
| शिखर इन्स्योरेन्स क. लि. | ११७५ | ११४० | ११६७ | ३०८५ | ३६ |
| सिन्धु विकास बैंक लि. | ३५० | ३४२ | ३४२ | १११० | –५ |
| सोल्टी होटल लि. | ३२० | ३२० | ३२० | ४८२ | ० |
| स्टचान्डर्ड चार्टर्ड बैंक लि. | २८२० | २८०० | २८२० | २५४८ | २० |
| शुभेच्छा विकास बैंक लि. | ३१५ | ३०६ | ३१३ | ६६८ | १ |
| सम्मीट माइक्रो फा. डे. बैंक लि. | २५२५ | २३८१ | २४३० | १००१ | ९५ |
| सनराइज बैंक लि. | ४५८ | ४५१ | ४५१ | ६५०५ | –१२ |
| सूर्य लाइफ इन्स्योरेकस कम्पनी लि. | ७७५ | ७६० | ७७५ | १९१४ | –५ |
| स्वावलम्बन विकास बैंक लि. | २२०० | २१५१ | २१६० | ३०६० | ५१ |
| स्वरोजगार लघुवत्त विकास बैंक लि. | २३४६ | २३०० | २३०० | ३१२ | ० |
| सिनर्जी फाइनान्स लि. | ११० | ११० | ११० | २०० | २ |
| तारागाउँ रिजेन्सी होटल लि. | २१८ | २१० | २१८ | १०५६ | ८ |
| तिनाउ डेभलपमेन्ट बैंक लि. | ३१६ | ३१६ | ३१६ | २२६ | –६ |
| टुरिज्म डेभलपमेन्ट बैंक लि. | २८४ | २८२ | २८४ | १८२९ | ५ |
| त्रिवेणी विकास बैंक लि. | २९४ | २८६ | २९४ | १४१० | –१ |
| युनियन फाइनान्स कम्पनी लि. | १२९ | १२५ | १२९ | २४५ | २ |
| युनिक फाइनान्स लि. | १८३ | १८१ | १८१ | १२७८ | –४ |
| युनाइटेड फाइनान्स लि. | ४०० | ३८९ | ४०० | ४३५३ | १७ |
| युनाइटेड इन्स्योरेन्स क. (नेपाल) लि. | ६३३ | ६१५ | ६२४ | ७२७६ | ३ |
| विजय लघुवित्त वित्तीय संस्था लि. | १३७५ | १२७५ | १३३५ | ३०६१ | ८५ |
| वेस्टर्न डेभलपमेन्ट बैंक लि. | ४०८ | ४०२ | ४०३ | १४०२ | –११ |
| यति डेभलपमेन्ट बैंक लि. | १७२ | १६९ | १७१ | ८५२२ | ४ |

**नेप्से परिसूचक** १२८३.९४ (०.२७)

**कुल कारोबार रकम** : ५२२,०८८,५८४
**कुल सेयर कारोबार** : ६५७,३१०
**कुल कारोबार** : २,२६७

# विमानस्थलका लागि जग्गा अधिग्रहण प्रक्रिया सुरु

**श्यामशंकर पाण्डे/राजधानी**
भैरहवा, १७ फागुन

१ सय ४० बिघा जग्गाका लागि सूचना प्रकाशित गरेको भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सुदृढीकरण कार्य आयोजनाले अधिग्रहण प्रक्रिया सुरु गरेको छ ।

अन्तर्राष्ट्रिय हवाई उड्डयन (आइकाव) को मापदण्डअनुसार निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल गुरुयोजना क्षेत्रको प्रस्तावित हवाई इन्धन ट्यांक (फ्युल सेक्सन) र विमान मर्मत केन्द्र (ह्याकर) का लागि आवश्यक पर्ने सो जग्गा अधिग्रहणका लागि प्रारम्भिक काम सुरु भएको हो ।

अहिले अधिग्रहणका लागि प्रस्ताव गरिएको क्षेत्रको कित्ता तथा क्षेत्रफल छुट्याउने काम भएइरहेको छ । यसपछि सो क्षेत्रको मुआब्जा निर्धारणका लागि जिल्ला मुआब्जा निर्धारण समितिमा पेस गरिने आयोजनाका निर्देशक ओम शर्माले जानकारी दिए ।

विमानस्थल आयोजनाले पूर्वमा सिद्धार्थ नगरपालिका-४ कचरिहवा जाने पिच रोड, पश्चिममा हाटी वनगाई गाविसको तिनाउ खोला तथा वनगाईदेखि मर्चवार जाने पक्की सडकको करिब २५० मिटर खण्ड अधिग्रहण गर्ने भएको छ । यसैगरी, उत्तरमा हाटी वनगाई गाविस तथा साविक भुजौली गाविस हाल सिद्धार्थनगर नगरपालिकाअन्तर्गत लुम्बिनी भैरहवा मूल सडक र गल्ला मण्डी विमानघाट पथको सडक सिमानादेखि ७५ मिटर दक्षिणको जग्गा अधिग्रहणमा परेको छ ।



यसैगरी, दक्षिण सिमानामा विमानस्थलको हालको साविकको जग्गा र छोटकी बैरिहवा जाने बाटो, विमानस्थलको फाउर स्टेसनसँग जोडिएको दक्षिणतर्फ २ सय मिटर पश्चिम ४ सय मिटरभित्र पर्ने जग्गा अधिग्रहणको कारबाही प्रक्रियामा अघि बढेको छ । सरकारले सो जग्गा अधिग्रहणका निम्ति २ अर्ब ४७ करोड रकम विनियोजन गरेको छ । सो रकम नेपाल सरकारको आन्तरिक बजेट हो ।

सरकारले विमानस्थल स्तरवृद्धि गर्ने क्रममा चरणबद्ध रूपमा पाँचौं पटक थप जग्गा अधिग्रहणको प्रक्रिया अघि बढाइएको हो । १ सय ४० बिघा जग्गा अधिग्रहण गरेसँगै विमानस्थलको कुल ४ सय २७ बिघा पुग्नेछ । आईकाबको मापदण्डअनुसार अन्तर्राष्ट्रिय विमानस्थलका लागि यति जग्गा पर्याप्त मानिन्छ ।

जग्गा प्राप्ति ऐन २०३४ को दफा ६ को उपदफा १ बमोजिम प्रारम्भिक कारबाही सुरु भएकाले सरोकारवालाले खेतीबाली भोगचलन गर्दा जग्गाको स्वरूप परिवर्तन नगर्न र बेचबिखन नगर्न नगराउन सूचित गरिएको छ । यसैगरी, सो क्षेत्रमा जग्गा प्राप्तिका लागि जग्गामा नक्सा लिने एवं सर्भे गर्ने, साँध वा किल्ला खडा गर्ने, चिह्न वा निसाना लगाउने र आवश्यक उपकरण जडान गर्ने वा खडा गर्ने कार्य भइरहेको छ ।

सकभर बस्ती विस्थापित नहुने र सर्वसाधारणलाई नोक्सान नपुग्ने गरी अधिग्रहण गर्न थालिएको आयोजना निर्देशक शर्माले जनाए । निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थलका लागि एसियाली विकास बैंकले विमानस्थल रन वे निर्माण, टर्मिनल भवन र प्रशासनिक भवन निर्माण, उपकरण जडानका लागि ६ अर्ब ऋण सहयोग गरेको छ ।

२०१७ सालमा भैरहवा शान्तिनगरको घाँसे मैदानबाट सेवा सुरु भएको विमानस्थल यतिबेला सिद्धार्थनगर नगरपालिका-४ र त्यसअसापासको क्षेत्रमा जग्गा अधिग्रहण गरी स्तरवृद्धि गर्दै अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा निर्माण कार्य अघि बढिरहेको छ ।

# बाँकेको बजेट सवा ५ अर्ब

**राजधानी संवाददाता**
नेपालगन्ज, १७ फागुन

जिल्ला विकास समिति बाँकेले २५औं जिल्ला परिषद्मा आगामी आर्थिक वर्षका लागि सवा ५ अर्ब बढीको बजेट प्रस्तुत गरेको छ ।

२५औं जिल्ला परिषद्मा बाँकेका स्थानीय विकास अधिकारी जीवलाल भुसालले आर्थिक वर्ष ०७३/७४ का लागि ५ अर्ब १७ करोड ७१ लाख ६३ हजार ९ सय ३९ रुपैयाँको बजेट प्रस्तुत गरेका छन् ।

उनले प्रस्तुत गरेको वार्षिक बजेटमध्ये पुँजीगततर्फ ३ अर्ब ४० करोड ७३ लाख ८ हजार रुपैयाँ र चालुतर्फ १ अर्ब ७६ करोड ९८ लाख ५७ हजार रुपैयाँ रहेको छ ।

यो अघिल्लो वर्षको तुलनामा झन्डै साढे १ अर्ब रुपैयाँले बढी हो । गत वर्ष ३ अर्ब ५८ करोड ५९ लाख ६० हजार रुपैयाँको बजेट प्रस्ताव गरिएको थियो ।

जिविस सभाकक्षमा आयोजना गरिएको परिषद्को खानेपानी तथा सरसफाइ राज्यमन्त्री दिनेशचन्द्र यादवले उद्घाटन गरेको कार्यक्रममा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै स्थानीय विकास अधिकारी भुषालले सडक, सिँचाइ, विद्युतीकरण, आर्यआर्जनलगायत क्षेत्रलाई बढी प्राथमिकता दिइएको स्पष्ट पारे ।

त्यस्तै, गाविस भवन निर्माण, प्रसूतिगृह निर्माण, तटबन्ध निर्माणलाई पनि नीति तथा कार्यक्रमले प्राथमिकताको सूचीमा राखेको छ । विकास योजना, स्थानीय स्वायत्त शासन ऐन, निर्देशिका तथा सिद्धान्तमा रहेर दिगो विकास लक्ष्यअन्तर्गत गरिबी निवारण, वातावरणमैत्री पूर्वाधार निर्माण, लैंगिक समानतालगायत विषयमा आधारित नीति तथा कार्यक्रम भुसालले प्रस्तुत गरे ।

गुरुयोजनाअन्तर्गत सडक यातायात, झोलुंगे पुल, हुकाली राजमार्ग, जिल्ला सडक सञ्जालमा जोडिएका सडक निर्माण, राप्ती नदी डुबान र कटानबाट जोगाउन तटबन्धलगायत दिगो समाधान खोजिने नीति तथा कार्यक्रममा छ ।

जनताको आवास कार्यक्रमअन्तर्गत गन्धर्व समुदायको बसोबासका लागि व्यवस्था, बाढीपीडितका लागि आवास निर्माण लगायत गुणस्तरीय चेकजाँच प्रयोगशाला पनि आउने आर्थिक वर्षमा सञ्चालन गरिने भुसालले बताए । नीति तथा कार्यक्रममा राप्तीपारि क्षेत्रमा विद्युतीकरण, बघौडा क्षेत्रलाई उज्यालो बनाउन सोलार बत्तीलाई प्रयोगमा ल्याइने र सूचना माग्ने प्रविधिलाई व्यवस्थित बनाउन कार्यालयहरूलाई अनुरोध गर्ने र वेभसाइड व्यवस्थित गर्ने लगायत समेटिएका छन् ।

आर्थिक सामाजिक क्षेत्रतर्फ कृषि खेती प्रणालीलाई व्यवस्थित बनाउन यान्त्रिकीकरण गर्ने र हाटबजार निर्माण गर्ने, पर्यटन विकासका लागि पाँच वर्षे रणनीति अनुसार काम गरिने, साझेदारी समन्वयकारी भूमिका बढाउनेदेखि लिएर उद्यमशीलताका लागि दैनिक १८ घण्टा विद्युत् प्रवाहका लागि पहल थाल्ने साथै युवा लक्षित कार्यक्रम प्रभावकारी बनाउने कुरा मुख्य प्राथमिकतामा छन् ।

योसँगै गुणस्तरीय शिक्षामा जोड, सुरक्षित मातृत्वका लागि प्रसूतिगृह निर्माण, बालमैत्री गाविस घोषणा, सन् २०१६ भित्र खुला दिसामुक्त जिल्ला घोषणा, सामुदायिक मेलमिलाप केन्द्रको विस्तारलगायत कुरा नीति तथा कार्यक्रमले समेटेको छ ।

# बर्दिया जिविसको बजेट ५ अर्ब

**बर्दिया/रास–** बर्दिया जिल्लाको समग्र विकास गर्न आगामी वर्षका लागि करिब ५ अर्बको बजेट पेस गरिएको छ । जिल्ला विकास समिति बर्दियाको २२औं जिल्ला परिषद्को अवसरमा आगामी वर्ष ०७३/७४ का लागि बर्दिया जिल्लाको समग्र विकास गर्न करिब ५ अर्बको प्रस्तावित बजेट पेस गरिएको हो ।

परिषद्मा जिल्ला विकास समिति बर्दिया तथा विषयगत समितिबाट पेस हुन आएको ४ अर्ब ९८ करोड ४५ लाख ८० हजारमध्ये भौतिक पूर्वाधार विकासतर्फ १ अर्ब ९६ करोड ७५ लाख ६८ हजार, आर्थिक विकासतर्फ १७ करोड ५६ लाख २८ हजार, वन तथा वातावरण विकासतर्फ ७३ करोड ६७ लाख ५० हजार र सामाजिक विकास तर्फ २ अर्ब १० करोड ४६ लाख ३४ हजार रुपैयाँको बजेट जिल्ला विकास समिति बर्दियाका स्थानीय विकास अधिकारी तेजराज शर्माले सोमबार परिषद्मा पेस गरेका हुन् ।

चालु आर्थिक वर्षका लागि गत वर्ष २१औं जिल्ला परिषद्मा ३ अर्ब ९७ करोड ७४ लाख ६७ हजारको बजेट पेस गरिएको थियो । यस वर्ष भने गत वर्षको तुलनामा १ अर्ब विकास बजेट थपिएको छ ।

आवका लागि पेस गरिएको बजेट स्थानीय स्वायत्त शासन ऐन ०५५, नियमावली ०५६, जिविस अनुदान सञ्चालन कार्यविधि ०६७ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, ०६९ अनुसार सहभागितात्मक योजना तर्जुमा प्रकृयालाई पूर्णत: अवलम्बन गरिएको बजेट वक्तव्यमा दावी गरिएको छ । परिषद्का बर्दियाबाट निर्वाचित सातजना व्यवस्थापिका संसद्ले संयुक्त रूपमा उद्घाटन गरेका हुन् ।


## स्काई ओभरसिज सर्भिसेज प्रा.लि.

"Right Person in Right Place at Right Time"

1. SALEEM FARHAN AL-KHALDI GEN.CONT .EST. — शहर : Saudi Arabia
पूर्व स्वीकृत मिति : २०७२/११/१७ — चलानी नं. : २११ — LT. No. 154295

| क्र.सं. | कामदारको पद | संख्या (पुरुष) | SR | ने.रु. | ८ घण्टा | ६ दिन | छ | छ |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 02 | 1000 | 29,000 | ८ घण्टा | ६ दिन | छ | छ |
| 2 | Light Driver | 01 | 1400 | 40,600 | | | | |
| 3 | Mason | 01 | 1200 | 34,800 | | | | |

2. TARIQ MOHAMED ALZAID TRADING EST. — शहर : Saudi Arabia
पूर्व स्वीकृत मिति : २०७२/११/१७ — चलानी नं. : २०८ — LT. No. 154297

| क्र.सं. | कामदारको पद | संख्या (पुरुष) | SR | ने.रु. | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 04 | 1000 | 29,000 | ८ घण्टा | ६ दिन | छ | छ |

कम्पनीले — दिने — कामदारले — कम्पनीले — नि:शुल्क — नि:शुल्क — सेवा शुल्क १००००

**केन्द्रीय कार्यालय**
महानगरीय प्रहरी वृतको ठीक पछाडी, नारायणगोपाल चोक, महाराजगञ्ज, काठमाडौं
फोन नं.: ०१-४३७७६६६ (हन्टिङ लाईन), टोल फ्री नं.: १६६०-०१-७९०३६
ई-मेल : hrd@skyoverseas.com; hrd1@skyoversesas.com

**शाखा कार्यालय**
ईटहरी : ईटहरी-१, धरान रोड, सुनसरी, नेपाल, फोन नं.: ०२५-५८७१५७
www.skyoverseas.com.np

मेसिन रिडेवल राहदानी अनिवार्य पेश गर्नु पर्नेछ ।



Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
**DHARAN CHATARA GAIGHAT KATARI SINDHULI HETAUDA ROAD PROJECT, Hetauda**

## INVITATION FOR Sealed Quotation, (Tender Notice Number: 04/072/73)

(Date of Publication: 2072/11/18)

1. *Dharan Chatara Gaighat Katari Sindhuli Hetauda Road Project, Hetauda* invites Sealed Quotation from eligible Bidders for the contracts as given below:

| S.N. | Contract No. | Description and location of works | Estimate Amount without VAT | Fee (non-refundable) for Bidding document (NRs.) | Minimum Bid Security Amount (NRs.) | Bid Security Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | DCHRP/337125-4 / 072/73-008 | Maintenance of Road Work, Bagpati (Baidyanath Khola) - Sombare Road Sector, Udayapur | 1693103.56 | 300.00 | 52000.00 | 75 |

2. Eligible Bidder may obtain further information and inspect the Bidding Documents **at Dharan Chatara Gaighat Katari Sindhuli Hetauda Road Project, Hetauda, Tel. 057-526598**
3. A complete set of Bidding Documents may be purchased at office hours from Dharan Chatara Gaighat Katari Sindhuli Hetauda Road Project, Hetauda by eligible Bidders on submission of written application, along with the copy of company / firm registration certificate, and upon payment of a non-refundable fees of **NRs 300 (Three Hundred)** within the office hour on or before **2072/12/02.** Alternatively, Interested bidders may download the bid document from the e-procurement section of DoR web site (http:/www.dor.gov.np) and should deposit the equivalent fee for bid document (clearly mentioning the Contract Number) in the following Revenue Account within the date and time specified above ;
Name of Office : **Dharan Chatara Gaighat Katari Sindhuli Hetauda Road Project, Hetauda**
Name of Bank : **Nepal Bank Ltd. City office, Hetauda**
Office Code: **31-337-12, Revenue Heading No : 14227, Revenue Account No : 25-41-1576**
4. A bidder may purchase and submit the sealed Quotation only once either independently or in the form of joint venture with another firm(s) for each contract. The maximum number of JV partner(s) is limited to 3 (three)
5. The Bidders are advised to visit construction site on their own cost and assess actual site condition before submitting their bids.
6. Bids must be valid for a period for 45 days after bid opening and must be accompanied by Original Voucher of Bid Security (clearly mentioning the Contract Number) amounting to a minimum as mentioned in table above, which shall be valid for 30 days beyond the validity period of the bid. The bid security may either be in the form of a bid security issued by an authorized bank (A class commercial bank); or a bank voucher deposited at **Nepal Bank Ltd, City Office, Hetauda, A/C No: Kha-3, 25-51-11171** (Deposit Account of District Treasury Controller Office, Makawanpur).
7. The Bidders shall quote the item rates in the Bill of Quantities exclusive of VAT and VAT shall be added separately in the total amount. All other taxes and levies which may be applicable shall be included in the quoted rates. In case the rates quoted in figures and words differ, the rates quoted in words shall govern.
8. **Dharan Chatara Gaighat Katari Sindhuli Hetauda Road Project, Hetauda**, reserves rights to amend, correct at any time in case of discrepancies or error in Bidding document, tender notice or any other documents and as whether to accept or reject the bid partially or fully.
9. Bidders who submit the bids electronically should submit hard copies (original printed copy) of their e-bids within 3 days after bid opening.
10. Bids should be submitted at **Dharan Chatara Gaighat Katari Sindhuli Hetauda Road Project, Hetauda** no later than 12:00 hrs on **2072/12/03** and will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs of same day. Non attendance of any or all of the Bidders' representatives shall not hinder the opening of the Bids.
11. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day.
12. **Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063, Public Procurement Regulations,** 2064 and other prevailing rules and regulations of Nepal.

**Project Chief**

# सिटीलाई लिग कप

**लन्डन/एजेन्सी–** म्यानचेस्टर सिटी तथा लिभरपुलले निर्धारित तथा अतिरिक्त समयमा पनि १-१ गोलको बराबरी खेलेपछि पेनाल्टी सुटआउटमा सिटी (३-१)ले बाजी मार्दै लिगकपको उपाधि जितेको छ। सिटीको यो पछिल्ला ३ वर्षमा दोस्रो लिगकपको उपाधि हो। उसले ४ पटक लिगकप उपाधि जितेको छ। उसको यो २०११ पछिको पाँचौं महत्त्वपूर्ण ट्रफी हो।




आइतबार राति भएको फाइनलमा म्यानचेस्टर सिटीका गोलरक्षक विली काबालेरी नायक भएपछि लिभरपुल स्तब्ध बन्यो। ३४ वर्षका अर्जेन्टिनी गोलरक्षक काबालेरीले लुकास, काउटिन्हो र एडम लालानाको पेनाल्टी सेभ गर्दै सिटीको जित निश्चित गरेका थिए। सिटीका लागि निर्णायक पेनाल्टी याया टुरेले प्रहार गर्दै टिमलाई उपाधि दिलाएका थिए। यसअघि निर्धारित समयको दोस्रो हाफमा सिटीले सुरुआती अग्रता लिएको थियो। ४९औं मिनेटमा सिटीले फर्नान्डिन्होको गोलमार्फत अग्रता लिएको थियो। तर, अन्तिम २० मिनेट सम्हालिन नसक्दा सिटीले गोल खान पुग्यो। लिभरपुललाई महत्त्वपूर्ण बराबरी दिलाउने क्रममा ८३औं मिनेटमा काउटिन्होले गोल गरेका थिए।

**शीर्ष चार नजिक युनाइटेड**

पछिल्लो समय निकै तनावमा रहेका म्यानचेस्टर युनाइटेडका प्रशिक्षक लुइस भान गालले आइतबार राति भएको खेलमा भने केही राहत महसुस गरेका छन्। उनले आइतबार भएको खेलमा उपाधि होडमा रहेको आर्शनललाई ३-२ ले पराजित गर्दै शीर्ष चार नजिक आफूलाई उभ्यायो।

# हाङमादाङ तेक्वान्दोमा नेपाल पहिलो

**काठमाडौं/रास–** दक्षिण कोरियाभन्दा बाहिर पहिलो पटक भएको हाङमादाङ तेक्वान्दो सोमबार पोखरामा सम्पन्न भयो। प्रतियोगिताको समग्र पदक तालिकामा नेपाल पहिलो, भारत दोस्रो तथा बंगलादेश तेस्रो भए। प्रतियोगितामा ३४ स्पर्धामा ९ सयभन्दा बढी खेलाडी सहभागी थिए।

प्रतियोगितामा नेपालले १४ स्वर्ण, २० रजत र ३७ कांस्य जित्यो। भारतले ६ स्वर्ण, ७ रजत र ८ कांस्य पदक जित्दै अंक तालिकाको दोस्रो स्थानमा रह्यो। मलेसियाले ३ स्वर्ण १ रजत १ कांस्य जित्यो। ऊ तेस्रो स्थानमा छ। बंगलादेशले ३ स्वर्ण र २ रजत पदक जित्यो। भुटानले २ कांस्य पदक मात्र जित्यो।



सहभागी देशमा नेपाल, भारत, भुटान, बंगलादेश र मलेसियाको सहभागिता रहेको थियो। अन्तिम दिन भएको पुरुष टिम ग्यारोगीमा नेपालकै नेपाल पुलिस क्लब पहिलो तथा नेपाल आर्मी क्लब दोस्रो भए। यसैगरी, भारतीय टोलीले तेस्रो स्थान पाए।

पहिलो भएको पुलिसको टोलीमा अनोज पुजारी, वीरबहादुर महरा, मनोज मल्ल र निश्चलमान श्रेष्ठ थिए। यसैगरी, आर्मी क्लबमा रोहित तामाङ, प्रवीन गुरुङ, रशेमबहादुर पुन र ताराबहादुर रायमाझी थिए। यसैगरी, साइड ब्रेकिङमा नन्दा बस्याल पहिलो भइन्। अथोराइज्ड पुम्से सिनियर थ्रीमा मलेसियाका जु साम अलिजामी पहिलो भए। अथोराइज्ड पुम्से जुनियर वानमा बंगलादेशका समिर खान तथा यसैको जुनियर टुमा भारतका सुवास प्रतीक पहिलो भए। जुनियर टु फिमेलमा भारतकी इरिन नोबिस पहिलो भइन्। जुनियर थ्री मेलमा नेपालका निजारुद्दीन पहिलो भए।

महिलामा नेपालकी संगीता सुनुवार पहिलो भइन्। सिनियर वानमा भारतका हर्ष सिंह पहिलो भए। सिनियर टुमा मलेसियाका लियो सियो वाङ पहिलो भए। महिलामा नेपालकी राधिका श्रेष्ठ पहिलो भइन्। सिनियर थ्रीमा नेपालकै विमला भण्डारी पहिलो भइन्।

फिस्ट ब्रेकिङमा अदित राज पौडेल तथा नाइफ ह्यान्ड ब्रेकिङ सिनियर थ्रीमा भारतका उदय नारायण स्नुक पहिलो भए। साइब ब्याक किंकमा नेपालकी नन्दा बस्याल पहिलो भइन्। हाइजम्प ब्रेकिङ सिनियर वान, टु एन्ड थ्री नेपालका रञ्जन श्रेष्ठ पहिलो भए।

# रेखा प्रधानमन्त्री कपको एम्बेसडर

**राजधानी समाचारदाता**
काठमाडौं, १७ फागुन

नेपाली सिने क्षेत्रकी चर्चित नायिका रेखा थापा प्रधानमन्त्री कप भलिबल प्रतियोगितको गुडविल एम्बेसडर भएकी छन्। रेखा थापा बाँके जिल्ला भलिबल संघको आयोजनामा हुन लागेको तेस्रो प्रधानमन्त्री कप इन्डो नेपाल महिला भलिबल प्रतियोगिताको सद्भावना राजदूत बनेकी हुन्।




उनलाई आइतबार एक कार्यक्रमबिच नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ र राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशव विष्टले संयुक्त रूपमा गुडविल एम्बेसडरको प्रमाणपत्र प्रदान गरे।

सो कार्यक्रमलाई सम्बोधन गर्दै थापाले आफू पनि कराँतेको खेलाडी रहेकाले खेलको विकास र विस्तारमा आफू लागिपर्ने बताइन्। 'नेपाली महिला खेलाडीले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत ठूलो उपलब्धि हासिल गरेका छन्, यसमा मलाई गर्व लाग्छ,' उनले भनिन्, '१२औं सागमा स्वर्ण विजेता नेपाली फुटबल टोलीलाई झैं अन्य दुई स्वर्ण विजेता महिला खेलाडीलाई पनि स्वागत गरेको भए हुन्थ्यो भन्ने मलाई लागेको छ।'

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले स्थापित र अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिता मोफसलमा पनि हुन्छन् भन्ने सन्देश प्रधानमन्त्री कपले दिएको बताए। 'प्रधानमन्त्री कपको गुडविल एम्बेसडरका रूपमा रेखा थापा रहनुभएसँगै यस प्रतियोगिताले नयाँ उचाइ लिएका हामीले महसुस गरेका छौं,' उनले भने।

राखेपका सदस्य सचिव केशव विष्टले कलाकारिता क्षेत्रबाट पनि खेलकुद क्षेत्रलाई माथि उठाउने अभियानको सुरुआत भएको बताए। 'रेखा थापाको नाम प्रधानमन्त्रीकपसँग जोडिएको छ। यसलाई थापाले बुझ्नुभएको छ। जसले भलिबल कपमा सुनमा सुगन्ध थप्ने काम गरेको छ,' उनले भने। विष्टले रेखालाई आफूले निर्देशन गर्दा अभिनय गराएको प्रसंगसमेत उठाए। उनले रेखाले पुराना दिन स्मरणसमेत गराइदिँदा थापा मन्चमा मुसुमुसु हाँसिरहेकी थिइन्।

तेस्रो संस्करणको मिति छिट्टै तोक्ने बाँके जिल्ला भलिबल संघका अध्यक्ष टीएस ठकुरीले बताए। उनले नेपालगन्जमा प्रधानमन्त्री कपको आयोजनाले सामाजिक सद्भाव, आपसी भाइचार र राष्ट्र एकताको सन्देश दिने बताए। 'भारतीय टिमसहित नेपालका शीर्ष टिमहरूले भाग लिने प्रधानमन्त्री कपले खेल संस्कृतिको विकास गर्ने अपेक्षा गरेका छौं,' उनले भने। प्रतियोगिता अघि र प्रतिोगदाका दौरान थापा आयोजनास्थल पुग्ने भएकाले त्यस क्षेत्रका भलिबल प्रेमीलाई उत्साहित बनाउने विश्वास आयोजकले लिएको छ।

# बार्सिलोनाले गऱ्यो रियलको कीर्तिमान बराबरी

**म्याड्रिड/एजेन्सी–** बार्सिलोनाले लगातार ३४औं खेलसम्म आफ्नो अपराजित यात्रा कायमै राखे पनि लिओनल मेस्सीले लगातार आठौं सिजन ३० गोल गर्दा बार्सिलोनाले स्पेनिस ला लिगा फुटबलमा सेभिल्लालाई पराजित गरेको छ।




बार्सिलोनाको घरेलु मैदानमा २०औं मिनेटमा नै गोल गर्दै सेभिल्लाले अग्रता लिएको थियो। यद्यपि, उसले अग्रता जोगाउन सकेन। बार्सिलोनालाई लियोनेल मेसीले ३१औं मिनेटमा गोल गर्दै बराबरीमा ल्याए। उनले फ्री-किकमार्फत आकर्षक गोल गरेका थिए।

बार्सिलोनालाई अग्रता दिलाउने क्रममा दोस्रो हाफको सुरुआतमा नै जेरार्ड पिकेले गोल गरे। खेलमा थप गोल हुन सकेन र बार्सिलोना २-१ ले विजयी भयो।

जितसँगै ३४ खेलमा अपराजित बार्सिलोनाले ८ अंकको अग्रता लिएको छ। साथै ला लिगामा लामो समयसम्म अपराजित रहने रियल म्याड्रिडको १९८८-८९ सिजनको कीर्तिमानसँग बराबरी गरेको छ। बार्सिलोना अक्टोबरयता अपराजित रहँदै आएको छ।

बार्सिलोनाको २६ खेलबाट ६६ अंक छ भने दोस्रो स्थानमा रहेको एथलेटिको म्याड्रिडको ५८ र रियल म्याड्रिडको ५४ अंक छ। ४१ अंक जोडेको सेभिल्ला छैटौं स्थानमा छ।

## अस्ट्रेलियन राजदूत र खेलकुदमन्त्रीबिच भेट

**काठमाडौं/रास–** युवा तथा खेलकुदमन्त्री सत्यनारायण मण्डल र अस्ट्रेलियन राजदूत ग्लेन ह्वाइटबिच राष्ट्रिय खेलकुद परिषद्मा सोमबार भेटवार्ता भएको छ। अन्तर्राष्ट्रिय ब्याडमिन्टन महासंघको आयोजनामा विश्वभर आयोजना हुने कार्यक्रम 'सटल टाइम'को उद्घाटनका क्रममा राखेप आएका मन्त्री र राजदूतबिच दुई देशबिचको आपसी सम्बन्ध, खेलकुद विकास र अन्य सम्बन्धबारे विचारविमर्श भएको हो।

सो अवसरमा मन्त्री मण्डलले यस्ता कार्यक्रमले कलिला बालबालिकालाई खेलकुदमा आकर्षित गर्नेमा आफू विश्वस्त भएको भन्दै अस्ट्रेलियाले खेलकुद क्षेत्रलगायत अन्य क्षेत्रमा नेपाललाई गरेको सहयोगको सराहना गर्नुका साथै यस्ता कार्यले खेलकुद विकास मात्र नभई राज्यको सम्बन्ध विकास गर्ने एक महत्त्वपूर्ण कडी भएको बताए।

राजदूत ह्वाइटले खेलकुदको माध्यमले विश्वमा शान्ति र स्वास्थ्यमा विकास गर्न पहल पुग्ने भन्दै २० हजार बालबालिकालाई प्रारम्भिक स्तरबाट ब्याडमिन्टनमा लगाई यसको विकास गर्ने उद्देश्य रहेको बताए।

# रूपन्देही ११ फाइनलमा



**मोरङ/रास–** मोरङको कोसीहरैचामा जारी चौथो केबीआरयू कन्दङवा गोल्डकप फुटबल प्रतियोगिताको अन्तिम सेमिफाइनलमा विजयी हुँदै रूपन्देही ११ फाइनलमा प्रवेश गरेको छ। सोमबार सम्पन्न अन्तिम सेमिफाइनल खेलमा पथरी-११ लाई पराजित गर्दै रूपन्देहीले फाइनलसम्मको यात्रा तय गरेको हो।

सगरमाथा युथ क्लब कोसीहरैचाको आयोजनामा प्रस्तावित इन्द्रपुर खेल मैदानमा भइरहेको प्रतियोगितामा सोमबार रूपन्देहीले मोरङलाई ३-० को गोल अन्तरले पराजित गऱ्यो।

खेलको ४६औं मिनेटमा रूपन्देहीका भिक्टोरको पासलाई सदुपयोग गर्दै सेगौनले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए। ५८औं मिनेटमा पथरी-११ का गोलरक्षकलाई वान भर्सेस वानमा बिट गर्दै अर्को गोल थपे। यस्तै, ६१औं मिनेटमा रूपन्देहीका शिव श्रेष्ठको क्रसपासलाई भिक्टोरले पुनः गोल गरी खेलको नतिजा ३-० मा पुऱ्याए।

खेलको पहिलो हाफमा उत्कृष्ट प्रदर्शन गरेको मोरङले गोल गर्न पाएका आधा दर्जन अवसर चुकाउँदा पराजय बेहोर्न पुग्यो। खेलको सातौं मिनेटमा पथरीका सुमन श्रेष्ठले दिएको पासमा कर्ण लिम्बू गोल गर्न चुके। नौ मिनेटमा रूपन्देहीका शिव श्रेष्ठले दिएको पासलाई सेगौनले गरेको प्रहार पोलमाथि लाग्दै बाहिरिन पुग्यो।

२४औं मिनेटमा पथरीका विजय धिमालले दिएको पासमा सुमन लामाले गरेको प्रहार पोलमा लाग्दै रिबाउन्ड भयो। ५७औं मिनेटमा मोरङका कर्ण लिम्बूले दिएको पासमा सुमन लामा गोल गर्न चुके।

मोरङको पथरी-११ बाट झापाका देवेन्द्र तामाङ, योगेश गुरुङ, बुद्धराज चेम्जोङ र कर्ण लिम्बू खेलेका थिए भने रूपन्देहीबाट झापाका कप्तान नरेन्द्रमणि लिम्बू, गणेश खड्का र दिलन लोक्तान मैदानमा उत्रिएका थिए।

नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व परामर्श समितिको
सूचना

आगामी आर्थिक वर्ष २०७३।७४ को आर्थिक ऐन तथा बजेट तर्जुमाका सन्दर्भमा विद्यमान राजस्व नीति, भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैह्रकर तथा राजस्व चुहावट नियन्त्रणका साथै समग्र राजस्व प्रशासनको सुधारका सम्बन्धमा आफ्ना सुझावहरु मिति २०७२ चैत्र मसान्तसम्ममा उपलब्ध गराइदिनुहुन सम्बन्धित संघ-संस्था, सरकारी निकाय, बुद्धिजिवीहरु एवं सरोकार राख्ने सबैमा हार्दिक अनुरोध गरिन्छ।

सुझावहरु निम्न ठेगानाहरुमा पठाउन सकिनेछ :

१. राजस्व परामर्श समिति, अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं।
फ्याक्स ४२११७५९, e-mail: rmd@mof.gov.np

२. विषयगत सुझावहरु राजस्व परामर्श समितिमा वा निम्न उप-समितिहरुमा समेत पठाउन सकिनेछ :-

आन्तरिक राजस्व उप-समिति:
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, फ्याक्स: ४४११७८८, e-mail: policyird@ird.gov.np

उद्योग तथा लगानी प्रवर्द्धन उप-समिति:
औद्योगिक प्रवर्द्धन महाशाखा, उद्योग मन्त्रालय, फ्याक्स: ४२११६१९, e-mail: dghimire033@gmail.com

गैह्रकर उप-समिति:
संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरवार फ्याक्स: ४२११३५१, e-mail: ccd@mof.gov.np

पूर्वाधार, सूचना प्रविधि, उर्जा तथा आर्थिक विकास उप-समिति:
आर्थिक व्यवस्थापन महाशाखा, राष्ट्रिय योजना आयोग, सिंहदरवार, फ्याक्स ४२११७००, e-mail: nrgautam@npc.gov.np

वाणिज्य तथा निर्यात प्रवर्द्धन उप-समिति:
योजना तथा अन्तराष्ट्रिय व्यापार सहयोग महाशाखा, वाणिज्य मन्त्रालय, सिंहदरवार, फ्याक्स: ४२१११६७, e-mail: planning@mocs.gov.np

बैंक, वित्तीय संस्था, बीमा तथा पूंजीबजार उप-समिति:
वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय, सिंहदरवार, फ्याक्स: ४२११३६८, e-mail: fsmd@mof.gov.np

भन्सार उप-समिति:
भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं, फ्याक्स: ४२५९८०८, e-mail: csd@customs.gov.np

राजस्व चुहावट नियन्त्रण तथा सम्पति शुद्धिकरण अनुसन्धान उप-समिति:
राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर, फ्याक्स: ५५४२०२३, e-mail: info@dri.gov.np

राजस्व ऐन, नियम तथा प्रशासनिक सुधार उप-समिति:
कानून तथा परामर्श महाशाखा, अर्थ मन्त्रालय, सिंहदरवार, फ्याक्स: ४२११७५९, e-mail: lacd@mof.gov.np

३. अर्थ मन्त्रालय अन्तर्गतका सम्बन्धित विभाग तथा कार्यालयहरु।




**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आशिष शेरचन**, सम्पादक : **राजन शर्मा**